# जोरायल गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना, (२०७६~२०८७)

## Water, Sanitation and Hygiene Plan of Jorayal Rural Municipality, (2019-2030)



**जोरायल गाउँपालिका**

डोटी, सुदूर पश्चिम प्रदेश

**नेपाल**

जोरायल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय, रावतकट्टे, डोटी

office of the Jorayal Rural Municipal Executive

2073

प.सं. :- २०७६/०७७

च.नं. :-

सुदूरपश्चिम, प्रदेश, नेपाल ( Sudurpashchim,province,Nepal)

रावतकट्टे, डोटी (Rawatkatta,Doti)

## गाउँपालिका अध्यक्षको कलमबाट



जोरायल गाउँपालिका को खानेपानी, सरसफाई तथा स्वच्छताको क्षेत्रमा हालको अवस्था पत्ता लगाइ गाँउपालिकामा सरल र उच्चतम सूचना प्रविधि NWASH मोबाइल एप्लिकेसन" को सहायताले सबै घरधुरीहरु, सार्वजनिक स्थल , संस्थाहरु र विद्यालयहरुको भौगोलिक अवस्थिति (GPS) सहितको तथ्याङ्क संकलन गरि गाउँपालिका खानेपानी सरसफाई र स्वच्छता योजना (वास प्लान) तयार गर्न जोरायल गाउँपालिका सफल भएको छ। वास प्लान तयार गर्दाका विभिन्न स्थलगत सर्वेक्षणबाट प्राप्त तथ्याङ्क तथा नतिजाहरुलाई विश्लेषण गरी तयार गरिएको यो वास योजना गाउँपालिकाको अमूल्य सम्पतिका रुपमा रहन प्रत्येक घरधुरीगत सार्वजनिक स्थलहरु, विद्यालयहरु र संस्थाहरुको वास क्षेत्र सम्बन्धित तथ्याङ्कहरु आवश्यकता अनुसार विश्लेषण गरी तथा कार्यान्वयनका लागि निकै उपयोगी हुनेछन् । यसले हामी निर्णयकर्ता हरुलाई पारदर्शी र वस्तुपरक ढंगले निर्णय लिन निकै सजिलो बनाउने छ।

संकलन गरियको तथ्याङ्क र त्यसबाट तयार गरिएका नक्साहरु अन्य विकास निर्माणको गतिविधिहरुको निर्णय तथा कार्यान्वयन गर्न उपयोगी हुने देखिएका छन । सम्भवत: यस्तो प्रविधिमैत्री गाँउपालिका वास योजना बनाउने जोरायल गाँउपालिकाका लागि थप जिम्मेवारी बोध समेत भएको छ।

सन २०३० सम्म जोरायल गाउँपालिकामा सबैलाई सुरक्षित खानेपानी, सुरक्षित सरसफाई र स्वच्छताको लक्ष्य हासिल गर्न यो वास योजनाको सफल कार्यान्वयनको लागि गाउँपालिकाको तर्फ बाट पूर्ण प्रतिबद्धता व्यक्त गर्दछु र गाँउपालिका वास योजना अनुसारको लक्ष्य समयमै हासिल गर्न संघिय सरकार, सुदुर पश्चिम प्रदेश सरकार, विकास साझेदार दातृ निकायहरु, सरकारी तथा गैरसरकारी संघ संस्थाहरु र अन्य सबै सरोकारवाला पक्षहरुबाट अमुल्य सहयोग प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु। गाँउपालिका एक्लैको पहलमा मात्र निर्धारित लक्ष्य हासिल नहुने कुरा पक्का नै छ , तसर्थ जोरायल गाउँपालिकावासी आदरणीय जनसमुदायहरु, राजनैतिक दलहरु, समाजसेवी-बुद्धिजीवी सबैको सल्लाह सुझाव अनि साथ र सहयोग मिल्नेछ भन्ने अपेक्षा गर्दछु।

जोरायल गाउँपालिका को गाउँपालिका वास योजना तयार गर्नका लागि आर्थिक सहयोग उपलब्ध गराउने युनीसेफ नेपाल र प्राविधिक सहयोग उपलब्ध गराउने किर्डाक (KIRDARC) नेपाल प्रति हामी धेरै आभारी छौ र धन्यवाद ज्ञापन गर्न चाहन्छौ। यो वास योजना तयार गर्न ठुलो योगदान दिने तथ्याङ्क संकलकहरु, सहकर्मी जनप्रतिनिधिमित्रहरु, वडातह तथा गाउँपालिका तहका वास गुरुयोजना कार्यदलका सदस्यहरु लगायत गाँउ कार्यपालिकाको कर्मचारी मित्रहरु लगायत प्रत्यक्ष अप्रत्यक्ष सहयोग पुर्याउनु हुने सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

जोरायल गाउँपालिकाको सबैका लागि सुरक्षित खानेपानी, सरसफाई र स्वच्छताको लक्ष्य हासिल गर्ने अभियानमा सबै सरोकारवाला पक्षहरुको साथ, सल्लाह-सुझाव र सहयोग प्राप्त हुनेछ र वास योजनाको सफल कार्यान्वयन गर्न जोरायल गाउँपालिका सफल हुनेछ भन्ने विश्वास प्रकट गर्न चाहन्छु।

धन्यवाद।

.............................

दुर्गादत्त ओझा

अध्यक्ष

दुर्गादत्त ओझा

अध्यक्ष

# विषय सूची


**अध्याय १. खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) योजनाको परिचय ..... ङ्ग**

१.१. पृष्ठभूमि ..... ङ्ग

१.२. औचित्य ..... द्द

१.३. उद्देश्य ..... घ

१.४. समयावधि ..... घ

१.५. अध्ययनका सीमा ..... घ

१.६. तयारी विधि र प्रक्रिया ..... घ

१.६.१ वास योजनाको ढाँचा, सर्वेक्षण औजार र आवश्यक जनशक्ति व्यवस्थापन ..... ४

१.६.२ गाउँपालिका स्तरीय अभिमुखिकरण गोष्ठी तथा सहमति निर्माण ..... ४

१.६.३ तथ्याङ्क संकलन तथा लेखाजोखा ..... ४

१.६.४ तथ्याङ्क प्रशोधन, विश्लेषण र मस्यौदा तयारी ..... ४

१.६.५ वास योजना प्रमाणीकरण गोष्ठी ..... ५

१.६.६ वास योजना अन्तिम प्रतिवेदन तयारी तथा सार्वजनिकीकरण ..... ५

**अध्याय २ : जोरायल गाउँपालिकाको वस्तुगत विवरण ..... ट**

२.१ भौगोलिक अवस्थिति र बनोट ..... ट

२.२ पहुँच ..... ट

२.३ भू-उपयोग तथा वातावरण ..... ठ

२.४ जात जाति र जनसांख्यिक विवरण ..... ठ

२.५ आर्थिक गतिविधि र पेशा ..... ड

२.६ जनसंख्याको गतिशिलता र बसाइँ सराइ ..... ढ

२.७ भौतिक पूर्वाधार ..... ढ

२.८ गाउँपालिकामा उपलब्ध अन्य कार्ययोजनाहरू र वास योजनाको सम्वन्ध ..... ढ

२.९ वास क्षेत्रमा कार्यरत बिकास साझेदारहरू ..... ढ

२.९.१ ग्रामीण जलश्रोत व्यवस्थापन योजना (RVWRMP III) ..... १०

२.९.२ युनिसेफ (Unicef) ..... १०

**अध्याय ३ : खानेपानी, सरसफाइ तथा स्वच्छता स्थिति ..... ङ्गङ्ग**

३.१ जोरायल गाउँपालिकाको खानेपानीको अवस्था ..... ङ्गङ्ग

३.१.१ गाउँपालिकामा खानेपानीका प्राथमिक श्रोतहरू ..... ११

३.१.२ गाउँपालिकामा सुरक्षित खानेपानीका स्तर ..... ११

३.१.२ मौजुदा खानेपानी प्रणालीहरू ..... १३

३.१.३ निर्माणाधिन खानेपानी प्रणालीहरू ..... १३

३.१.४ ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना (RVWRMPIII) बाट यसै आवमा सन्चालन हुने गरि प्रस्तावित खानेपानी योजनाहरू ..... १३

३.१.५ खानेपानी योजनाहरूको दिगोपन तथा सुचारूपन (Sustainability and Functionality) ..... १४

३.१.६ खानेपानीको सुविधाबाट वन्चित घरधुरी तथा जनसंख्या ..... १५

३.१.७ संस्थागत खानेपानी सुविधा ..... ङ्गछ

३.१.७ चुनौतीहरू ..... ङ्गट

३.२ सरसफाइ तथा स्वच्छताको अवस्था ..... ङ्गठ

३.२.१ घरायसी सरसफाइ तथा स्वच्छताको अवस्था ..... ङ्गठ

३.२.२ सार्वजनिक र सामुदायिक शौचालय ..... ङ्गड

३.२.४ शैक्षिक संस्थाहरूमा सरसफाइ तथा स्वच्छता अवस्था ..... ङ्गढ

३.२.५ स्वास्थ्य संस्थाहरूमा सरसफाइ तथा स्वच्छता अवस्था ..... द्दण
३.२.६ महिनावारी स्वच्छता व्यवस्थापन अवस्था ..... द्दज्ञ
३.२.७ महामारीको प्रकोप ..... द्दज्ञ
**३.३ खानेपानी गुणस्तर अवस्था ..... द्दज्ञ**
**३.४ विपद जोखिम तथा जलवायु परिवर्तन असर र स्थानीय अनुकूलनका प्रयासहरू ..... द्दज्ञ**
**३.५ योजना कार्यान्वयनमा जनताको चासो र योगदानका लागि तत्परता ..... द्दद्द**
**३.६ पूर्ण सरसफाइ तर्फको समग्र अवस्था ..... द्दद्द**

**अध्याय ४ : खानेपानी, सरसफाइ तथा स्वच्छता लक्ष्य र रणनीति ..... द्दट**
**४.१ खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाको सोच, परिलक्ष्य तथा लक्ष्य ..... द्दट**
**४.२ खानेपानी, सरसफाइ र स्वच्छताका लक्ष्य ..... द्दट**
४.२.१ खानेपानी (निर्माण, मर्मत, स्तरोन्नति र गुणस्तर) ..... द्दट
४.२.२ पूर्ण सरसफाइ उन्मुख समुदाय ..... द्दठ
४.२.३ विद्यालय पूर्ण सरसफाइ ..... द्दठ
४.२.४ कार्यालय र स्वास्थ्य संस्थाहरूमा खानेपानी र सरसफाइ ..... द्दठ
४.२.५ ठोस तथा तरल फोहोर व्यवस्थापन ..... २८
**४.३ राष्ट्रिय लक्ष्य, अवधि र रणनीति (क्षेत्रगत सुधार योजना) संगको मिलान ..... द्दड**
**४.४ खानेपानी योजनाहरूको सेवा स्तर र सुविधामा पहुँच ..... द्दढ**
**४.५ सरसफाइ तथा स्वच्छता लक्ष्य ..... घण**
**४.६ खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यान्वयन रणनीति ..... घण**
**४.७ पूर्ण सरसफाइ प्राप्ति लक्ष्य ..... घज्ञ**

**अध्याय ५ : कार्ययोजना तथा कार्यक्रमहरूको प्राथमिकीकरण ..... घघ**
**५.१ खानेपानी आयोजनाहरूको पहिचान ..... घघ**
५.१.१ प्रस्तावित खानेपानी आयोजनाहरू ..... ३३
५.१.२ संचालित खानेपानी आयोजनाहरूको मर्मत सम्भार, पुनर्निर्माण, स्तरोन्नती ..... घघ
५.१.३ खानेपानी सुरक्षा योजना, गुणस्तर पहिचान तथा गुणस्तर सुनिश्चितता ..... ३३
**५.२ सरसफाइ आयोजनाहरूको पहिचान ..... घद्ध**
५.२.१ घरायसी शौचालय निर्माण तथा स्तरोन्नति ..... घद्ध
५.२.२ संस्थागत शौचालय (विद्यालय, स्वास्थ्य संस्था, सार्वजनिक) निर्माण तथा स्तरोन्नति ..... घद्ध
५.२.३ व्यवस्थित ठोस फोहोर व्यवस्थापन योजना ..... घछ
५.२.४ व्यवस्थित ढल व्यवस्थापन योजना ..... घट
५.२.५महिनावारी स्वच्छता प्रवर्द्धन योजना ..... घट
५.२.६ साबुनपानीले हात धुने अवस्था ..... ३६
**५.३ विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन योजना ..... घट**
५.३.१ विपद जोखिम व्यवस्थापन ..... घट
५.३.२ जलवायु परिवर्तन अनुकूलन ..... ३७
**५.४ बैकल्पिक प्रविधि ..... घड**
**५.५ पालिका स्तर तथा समुदाय स्तर क्षमता विकास योजना ..... घढ**
५.५.१ पालिका स्तर क्षमता अभिबृद्धि योजना ..... घढ
५.५.२ समुदाय स्तर क्षमता अभिबृद्धि योजना ..... घढ
५.६ पुरक विषय सवाल ९ऋचयकक(अगततत्ष्लन क्ष्ककगभक० र सम्वोधन योजना ..... घढ
५.६.१ लैगिंक तथा समावेसिकरण मुलप्रवाहिकरण ..... घढ
५.६.२ प्रयोगकर्ता मैत्री संरचना निर्माण योजना ..... ४०

**अध्याय ६ : श्रोत विश्लेषण ..... द्धज्ञ**

**६.१ आवश्यक बजेट** ............ **द्वज्ञ**

६.१.१ खानेपानी सेवा सुधारका लागि आवधिक योजना ............ द्वज्ञ

६.१.२ घरायसी सरसफाइ सेवा सुधारका लागि आवधिक योजना ............ द्वज्ञ

६.१.३ संस्थागत सरसफाइ सेवा सुधारका लागि आवधिक योजना ............ द्वज्ञ

६.१.४ ठोस फोहोर व्यवस्थापन आवधिक योजना ............ द्वद्द

६.१.५ ढल निकास कार्यक्रम आवधिक योजना ............ द्वद्द

६.१.६ क्षमता विकास तथा संस्थागत सुदृढिकरण कार्यक्रम आवधिक योजना ............ ४३

**६.२ बजेट आंकलन** ............ **द्वद्ध**

**६.३ उपलब्ध बजेट र नपुग बजेट** ............ **द्वद्ध**

**अध्याय ७ : संस्थागत संरचना र क्षमता अभिवृद्धि** ............ **द्धट**

**७.१ गाउँपालिकाको वास संरचना** ............ **द्वट**

**७.२ गाउँपालिकामा वास क्षेत्रमा कार्यरत अन्य संस्थाहरू र कार्यक्रम** ............ **द्वट**

२.९.२ युनिसेफ (Unicef) ............ ४६

**७.३ गाउँपालिकामा वास संयुक्त कोष** ............ **द्वट**

**७.४ संस्थागत संरचना** ............ **द्वठ**

**८. अध्याय : खासस्व (वास) योजनाको कार्यान्वयन/अनुगमन** ............ **द्धड**

**८.१ खासस्व योजनाको कार्यान्वयन** ............ **द्वड**

८.१.१. योजना कार्यन्वयन अवधारणा ............ द्वड

८.१.२ वास योजना परिमार्जन ............ द्वड

**८.२. अनुगमन योजना (Monitoring Plan)** ............ **द्वड**

८.२.१ अनुगमन ढाँचा तथा पद्धति ............ द्वड

८.२.२ सूचक ............ ४८

८.२.३ अनुगमनको तह ............ द्वड

८.२.४ अनुगमन विधी ............ ४९

**८.३ निष्कर्ष तथा भावि कार्यदिशा** ............ **द्वढ**

८.३.१ सिकाईहरू ............ ४९

८.३.२ वास योजना स्वीकृति र अवधि ............ ४९

**अनुसूचीहरू** ............ **छण**

अनुसूची १ गाउँपालिकामा सन्चालित खानेपानी प्रणालीहरू ............ ५०

अनुसूची २ प्रस्तावित खानेपानी आयोजनाहरूको विवरण ............ ५७

अनुसूची ३ खानेपानी प्रणालीहरूको दिगोपना(Sustainability) र सुचारूपना ............ ६१

अनुसूची ५ विद्यालयको सरसफाइको विवरण ............ ६२

अनुसूची ६ सार्वजनिक शौचालयहरूको पानी र सरसफाइको अवस्था ............ ६४

अनुसूची ७ प्रस्तावित सार्वजनिक शौचालयहरू ............ ६५

अनुसूची ९ वडा स्तरीय घरधुरी हातधुने सरसफाइ सम्बन्धी विवरण ............ ६७

अनुसूची १० विपद प्रकोपबाट भएको मानविय र भौतिक क्षतिको विवरण ............ ६७

अनुसूची ११ वास समन्वय समितिहरू ............ ६८

अनुसूची १२ वास क्षेत्रका सरोकारवाला संस्थाहरू र जिम्मेवारी ............ ७०

अनुसूची १३ नगरपालिकाको योजना तर्जुमा गोष्ठीको माइन्युट ............ ७७

अनुसूची १४ गाउँपालिकाको वास सम्बन्धी नक्शाहरू ............ ७९

अनुसूची १५ वास कार्ययोजना ............ ९२

अनुसूची १६ प्रस्तावित खानेपानी आयोजनाहरूको कार्ययोजना ............ ९४

अध्याय-१

# खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) योजनाको परिचय

## १.१ पृष्ठभूमि

खानेपानी तथा सरसफाइलाई जनताको मौलिक अधिकारको रूपमा स्थापित गर्ने विश्वका सिमित देशहरू मध्ये नेपाल पनि एक हो । नेपालको संविधान २०७२ को भाग ३ को मौलिक हक र कर्तव्यको धारा ३५ को उपधारा ४ मा "प्रत्येक नागरिकलाई खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ" भन्ने व्यवस्था गरिएको छ । संविधानमा परिकल्पना गरिए अनुसारको खानेपानी तथा सरसफाइ सेवा सबै नागरिकको पहुँच सम्म पु¥याउनका लागि स्थानीय सरकारको संरचनागत सुदृढिकरण तथा क्षमता अभिबृद्दि गर्नु अपरिहार्य छ । बर्तमान परिवेशमा सरसफाइ र स्वच्छताको दायरा फराकिलो भएर प्रतिष्ठा, स्वास्थ्य, विकास निर्माण, जनजीविका, सामाजिक सशक्तिकरण र समृद्धिको आधारस्तम्भको रूपमा रूपान्तरित भइ विकासको अभिन्न अंगको रूपमा स्थापित भएको छ ।

जुन सुकै समयमा, जो सुकैलाइ र जहाँसुकै पनि प्राप्त हुने, सुरक्षित, पर्याप्त, सुलभ, स्वीकार्य र खर्च बहन सामर्थ्ययोग्य खानेपानी, सरसफाइ र स्वच्छता सेवाको माध्यमबाट सार्वजनिक स्वास्थ्य र जीवनस्तरमा सुधार गर्नु नेपाल सरकारको खासस्व क्षेत्रको प्रमुख लक्ष्य रहेको छ । सो लक्ष्य प्राप्तिका लागि नेपाल सरकारको खानेपानी मन्त्रालय अन्तरगत खानेपानी तथा ढल व्यवस्थापन विभागले नेपाल खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र विकास योजना (Sector Development Plan) २०७४-२०८७ (ड्राफ्ट) तयार गरेर योजनाबद्ध रूपले खानेपानी र सरसफाइको पहुंच जनता सम्म पुर्‍याउने रणनीतिहरू तय गरिएको छ ।

संयुक्त राष्ट्र संघ द्वारा प्रतिपादित दिगो विकास लक्ष्य नं ६ को १ र २ मा सन् २०३० सम्ममा विश्वका सम्पूर्ण जनतालाई स्वच्छ, दिगो खानेपानी तथा सरसफाइ सेवाको उपलब्धता सुनिस्चीत गर्ने उल्लेख गरिएको छ । नेपाल सरकारले संयुक्त राष्ट्र संघद्वारा प्रतिपादित दिगो विकास लक्ष्य कार्यान्वयनका लागि प्रतिवद्दता जनाई सकेको सन्दर्भमा स्थानीय सरकारहरूले दिगो र व्यवस्थित खानेपानी तथा सरसफाइको सुनिश्चितताका लागि योजनाबद्द तवरले अगाडी बढनु अपरिहार्य भएको छ ।

नेपालले क्षेत्रिय र अन्तर्राष्ट्रिय मञ्चहरूमा व्यक्त गरेको प्रतिबद्धता र हस्ताक्षरकर्ताको रूपमा खानेपानी र सरसफाइको लक्ष्य प्राप्ति र दिगो व्यवस्थापनका लागि अहिले सम्म गरिएका प्रयत्नहरूमा अभ्र तिब्रता दिनुपर्ने देखिन्छ । खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी भएका प्रयासहरूमा प्राकृतिक प्रकोप प्रमुख चुनौतीको रूपमा देखा परेको छ । नेपालमा भूकम्प, बाढी, पहिरो, भूक्षय, हुरी, अतिवृष्टि, अनावृष्टि, अल्पवृष्टि आदिका कारण खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रहरू नराम्रोसँग प्रभावित हुने गरेका छन् ।

नेपाल सरकार, खानेपानी मन्त्रालय द्वारा तयार गरिएको पूर्ण सरसफाइ मार्गदर्शन २०७३ अनुसार पूर्ण सरसफाइका क्रियाकलापहरू सफा र स्वच्छ क्षेत्र र पूर्ण सरसफाइ उन्मुख क्षेत्र गरी दुइ चरणमा बाँडेर सन्चालित छन । पहिलो चरणमा सफा र स्वच्छ क्षेत्र घोषणाका लागी विभिन्न २७ वटा कृयाकलाप तथा सूचकमा निश्चित अवस्था हासिल गर्नु पर्नेछ, जसका लागि ३ नं बुँदामा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी तथ्याङ्क संकलन तथा विश्लेषण गरी सम्वन्धित क्षेत्रका समन्वय समितिहरूले सरोकारवालाहरूको सहभागिता र सकृयतामा गाउँपालिका वा नगरपालिका र जिल्ला खानेपानी, सरसफाइ र स्वच्छता योजना (WASH Plan) तर्जुमा गरिने छ भन्ने बुँदा उल्लेख गरिएको छ जुन अति महत्वपूर्ण र अन्य सूचकहरूलाई प्रभावित पार्ने सूचक हो ।

हालसालै नेपाल सरकार खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन विभागको प्रगती प्रतिवेदनमा आधारभूत स्तरको खानेपानीको पहुँच ८९ प्रतिशत र आधारभूत स्तरको सरसफाइको पहुँच १०० प्रतिशत घरधुरीमा पुगेको भनिएको छ । यसै गरी ७७ वटै जिल्ला खुला दिसामुक्त क्षेत्र घोषणा भई सकेका छन् र आस्विन १३, २०७६ का दिनमा देशलाई नै खुला दिसामुक्त

देश घोषणा गरिएको छ । यसरि अबको अभियान पूर्ण सरसफाइको हुनेछ सो पूर्ण सरसफाइ कार्यक्रमलाई एकताबद्ध गर्न र सरकारी तथा गैरसरकारी सबै निकायहरूबाट हुने काममा एकरूपता ल्याउन कम्तिमा पनि प्रत्येक पालिका तहमा एक एकीकृत वास योजनाको आवश्यकता पर्दछ । सन २०१७ मा सत प्रतिशत जनतामा आधारभूत स्तरको खानेपानी र सरसफाइको पहुँच पुऱ्याउने राष्ट्रिय लक्ष्यका बाबजुद अझै थप केही समयको मेहनतले मात्र तोकिएको सीमा भन्दा केही ढिलो भए पनि लक्ष्यमा पुग्न सकिएको छ ।

निर्वाचित जनप्रतिनिधि, कर्मचारी वर्ग र लाभग्राहीहरूको नेतृत्वमा सुरक्षित पिउने पानी र सरसफाइको महत्व के छ ? आफ्ना जनताहरूलाई कति समय सीमा भित्र कस्तो सरसफाइ, स्वच्छता र स्वास्थ्यको अवस्थामा पुऱ्याउने, यस बारेका राज्यले राष्ट्रिय तथा अन्तराष्ट्रिय रूपमा के कस्ता प्रतिबद्धता गरेको छ ? हाम्रो संविधान र कानुनले यसलाई कसरी परिभाषित गरेको छ ? सुरक्षित पानी र सरसफाइलाई नागरिक अधिकारको रूपमा कसरी स्थापित गरेको छ भन्ने बारेमा आवश्यक र पर्याप्त मात्रामा मष्तिष्क मन्थन र छलफल आवश्यक छ । यसरी मष्तिष्क मन्थन र छलफल पश्चात आफ्नो पालिकाको समग्र खानेपानी र सरसफाइको लक्ष्य निर्धारण गर्न आवश्यक छ । त्यही लक्ष्य प्राप्तिका लागी निश्चित योजनाहरू बनाउने दिशामा अघि बढनु नै उपयुक्त तरिका हुनेछ ।

नेपालमा खानेपानी तथा सरसफाइमा पहुँचको अवस्थामा उल्लेखनिय उपलब्धि हासिल गरिए पनि संचालनमा आएका योजनाहरूको दिगो र सुरक्षित सेवा प्रवाह चुनौतीको रूपमा देखिएको छ । विषम भौगोलिक अवस्था तथा अति विपन्न, पछाडि पारिएका जनताहरू बसोबास गरेको क्षेत्रमा खानेपानी तथा सरसफाइको सेवामा पहुंच अति कम रहेको यथार्थ हामी सामु छ । तसर्थ सेवाबाट बन्चितीमा परेका समुदायहरूको संविधान प्रदत्त अधिकार सुनिश्चिता गर्नु प्रमुख चुनौती रहेको छ ।

अझै पनि नेपालमा विभिन्न संघ संस्थाहरूको अध्ययन प्रतिवेदन अनुसार नेपालमा बर्षेनि करौडौं रूपैयाँ स्वच्छ खानेपानी तथा सरसफाइको सेवाको अभावमा हुने रोगको उपचारका लागि खर्च भइरहेको छ । जसका कारणले समग्र देशको आर्थिक विकासमा नकरात्मक असर परि रहेको सन्दर्भमा सुरक्षित खानेपानी तथा स्तरीय सरसफाइको पहुँच सबै नेपालीको घरदैलोमा पुऱ्याउनु अपरिहार्य भएको छ ।

योजनाबद्ध रूपमा सम्पूर्ण जनतामा सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्धन कृयाकलाप संचालनका लागि बर्तमान खानेपानी तथा सरसफाइको अवस्था, सम्भावित श्रोतहरू, सार्वजनिक तथा संस्थागत खानेपानी तथा सरसफाइको अवस्था समुदायको स्वच्छता आनिबानि सम्वन्धमा सर्वेक्षण, अध्ययन छलफल गरी उपलब्ध तथ्यहरू र सूचनाहरूका आधारमा खानेपानी तथा ढल व्यवस्थापन विभागको क्षेत्र विकास योजना २०७४(२०८७ संग तादात्म्यता मिलाएर खानेपानी, सरसफाइ तथा स्व्वछताका कार्यक्रमको प्राथमिकिकरण र बजेट समेत आंकलन गरी यो जोरायल गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) योजना तयार गरिएको छ ।

## १.२ औचित्य

नेपालको संविधान २०७२ बमोजिम स्थानीय तह पुनर्संरचनाका क्रममा साविकका ६ गाविसहरू मिलाएर यस गाउँपालिकाको गठन भएको हो ।

यो गाउँपालिका स्थापना भएपश्चात समायोजन भएको स्थानहरूको खानेपानी र सरसफाइको अवस्था तथा वस्तुस्थिति समाबेश भएको कुनै आधिकारिक दस्तावेज नभएको अवस्थालाई मध्यनजर गर्दै गाउँपालिकाको क्षमता, खानेपानी, सरसफाइ तथा स्वच्छताको वास्तविक अवस्था र भावी योजनाहरू तय गर्नका लागि यो खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) योजनाको आवस्यकता महसुस गरिएको थियो । खानेपानी तथा सरसफाइ जनताको नैसर्गीक अधिकारको रूपमा संविधानमा व्यवस्था गरे अनुसार नै गाउँपालिका क्षेत्रका जनतालाइ सर्वसुलभ, सुरक्षित र दिगो खानेपानी तथा सरसफाइ सेवाको पहुँचमा अभिवृद्दि गर्नु गाउँपालिकाको कर्तव्य तथा जिम्मेवारी भित्र पर्दछ । स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ मा नगरपालिका काम कर्तव्य र अधिकार शिर्षकमा उल्लेख गरिए बमोजिम दफा ११ को उपदफा ध मा स्थानीय खानेपानी सम्बन्धी निति, कानुन, मापदण्ड, योजना कार्यान्वयन र नियमन भनेर उल्लेख गरकोले पनि सो जिम्मेवारीलाई योजनाबद्ध रूपमा कार्यान्वयन गर्नका लागी खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) योजना अत्यावस्यक हुन आएको छ । विना योजना र अनुमानमा गरिने

विकासले खानेपानी र सरसफाइको पहुँचका क्षेत्रमा आशातित सफलता नहुने विगतले पाठ सिकाएको छ । तसर्थ तथ्यगत र वस्तुगत आधारमा समुदायसंगको छलफल र स्विकार्यतालाई समेत मध्य नजर गरी अति आवस्यक समुदायहरूलाई प्राथमिकतामा राखि योजना बनाएर खानेपानी तथा सरसफाइको क्षेत्रमा देखिने गरी विकास गर्न वास योजना अति आवश्यक दस्तावेज हुने भएकोले निर्माण गरिनु अपरिहार्य देखिएको हो ।

## १.३ उद्देश्य

खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) को क्षेत्रमा जोरायल गाउँपालिका भित्रका सम्पूर्ण मौजुदा सुविधा र संरचनाहरूको यथास्थिति र अवस्था ल्ब्क्ज :क्ष्क को प्रयोगद्वारा संकलन तथा अभिलेखिकरण गरी आगामी दिनहरूका लागि सवै घर दैलोमा सुरक्षित खासस्व सेवाको सुनिश्चितका लागि मार्गदर्शन प्रदान गर्नु नै (खासस्व) योजनाको उद्देश्य हो ।

खासस्व योजनाको अन्य विशिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

- नेपाल सरकार खानेपानी तथा ढल व्यवस्थापन विभागद्वारा तयार पारिएको खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र विकास योजना (Sector Development Plan) २०७४(२०८७ ले परिकल्पना गरेको खानेपानी, सरसफाइ तथा स्वच्छताका स्तरमा पुग्नका लागि नयाँ निर्माण तथा स्तरोन्नति गर्नु पर्ने खासस्व सेवा (WASH Facilities) हरूको प्रस्ताव, प्राथमिकिकरण, आवश्यक अनुमानित बजेट र उपलब्ध श्रोत साधनहरूको लेखाजोखा सहितको रणनीति र कार्ययोजना बनाउनु ।

- विपदको अवस्थामा खासस्व सेवा सुचारू हुन सक्ने प्रावधान सहित आवश्यक प्रवन्धन गर्नका लागि सहायक हुनु ।

- जलवायु परिवर्तनको खासस्व क्षेत्रमा पर्ने असर न्युनिकरण र अनुकुलन क्षमता अभिबृद्धि को लागि उपयुक्त योजना तय गर्नु ।

- ठोस तथा तरल फोहोर मैला तथा मानव मलमुत्रीय फोहोरको सुरक्षित विसर्जन र पुन:प्रयोगका लागि उपयुक्त योजना तय गर्नु ।

## १.४. समयावधि

यस वास योजनाको समयावधि नेपाल सरकार खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन विभागको नेपाल खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र विकास योजना (SDP) २०७४-२०८७ संग सामन्जस्यता हुने गरी १० वर्ष (सन २०३०) सम्मको हुनेछ । यो अवधिलाई तीन चरणमा बाँडिएको छ । पहिलो चरण सन २०१७-२०२२ , दोस्रो चरण सन २०२३-२०२६ र तेस्रो चरण सन २०२७-२०३० सम्म हुनेछ । प्रत्येक चरणको समाप्ति र नयाँ चरणमा प्रवेश गर्दा खासस्व योजना अद्यावधिक र पुनरावलोकन गरिने छ ।

## १.५. अध्ययनका सीमा

यस खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयार पार्ने क्रममा तथ्याङ्कहरू संकलन गर्नका लागि स्थानीय प्राविधिक तथ्याङ्क संकलकको अभाव भएकोले कतिपय प्राविधिक सूचनाहरू गैर प्राविधिक तथ्याङ्क संकलकहरूको माध्यमबाट संकलन गरिएको थियो । योजना तर्जुमा नै वास योजनाको मुख्य विषय भएकोले सो कार्यका लागि व्यापक जनसहभागिता र विज्ञ समूहको व्यापक छलफल गर्न समय अभाव महसुस भएको छ ।

गाउँपालिका संग खानेपानी तथा सरसफाइका भरपर्दो सूचनाहरू व्यवस्थित गर्ने प्रणालीको स्थापना नभइ सकेको अवस्थामा Secondary Information अध्ययन र विश्लेषणमा केही कठिनाइ भयो ।

## १.६. तयारी विधि र प्रक्रिया

खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) योजना तयारीमा तपशिलका चरण र प्रक्रियाहरू अवलम्वन गरिएको थियो ।

### १.६.१ वास योजनाको ढाँचा, सर्वेक्षण औजार र आवश्यक जनशक्ति व्यवस्थापन

नेपाल सरकार, खानेपानी तथा ढल व्यवस्थापन विभाग द्वारा प्रस्तावित ढाँचालाई नै यस वास योजना तयारीको सन्दर्भमा प्रयोग गरिएको छ । सो ढाँचाका लागि आवश्यक पर्ने सूचना संकलनका लागि प्रश्नावलिहरू तयार गर्ने र नेपाल सरकार खानेपानी मन्त्रालयबाट नै तयार गरिएको NWASH मोवाइल एप्स परिमार्जन कार्यमा समेत संलग्न हुने अवसर प्राप्त भयो । NWASH मोवाइल एप्सका प्रयोग विधिका सम्वन्धमा गाउँपालिकाको समन्वयमा स्थानीय प्राविधिक र सामाजिक क्षेत्रका फिल्ड सर्वेक्षकहरूलाई तालिम दिई आवश्यक जनशक्ति स्थानीय स्तरमा नै तयार गर्ने कार्य गरियो ।

### १.६.२ गाउँपालिका स्तरीय अभिमुखिकरण गोष्ठी तथा सहमति निर्माण

जोरायल गाउँपालिकामा वास योजना अभिमुखिकरण गोष्ठी गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख कार्यकारी अधिकृत सहित गाउँ कार्यपालिकाका सदस्यहरू र अन्य सरोकारवालाहरूको सहभागितामा आयोजना गरिएको थियो । उक्त गोष्ठीमा खानेपानी, सरसफाइ स्वच्छता (वास) योजनाको आवश्यकता, महत्व र उपयोगका विषयमा छलफल भई तयारी प्रक्रियामा सरोकारवालाहरूको भूमिकाका विषयमा छलफल भएको थियो । अन्तमा वास योजना तयारीको प्रक्रियाको अनुगमन तथा समन्वयका लागि कार्य समूह गठन गरिएको थियो ।

### १.६.३ तथ्याङ्क संकलन तथा लेखाजोखा

तथ्याङ्क संकलनका लागि तयार गरिएको प्रश्नावली, जांच सूचि र नेपाल सरकारद्वारा तयार गरिएको NWASH मोबाइल एप्स विधि अवलम्वन गरी सूचना संकलन गरिएको थियो । घरपरिवार तहको खानेपानी, सरसफाइ र स्वच्छताको वर्तमान अवस्थाको सूचनाहरू संकलनका लागि ५ प्रतिशतको अन्तरालमा नमुना संकलन (Sampling Method) विधिबाट सूचनाहरू संकलन गरिएको थियो भने खानेपानी प्रणालीहरू, विद्यालय, स्वास्थ्य संस्थाहरू तथा अन्य सरसफाइ र स्वच्छताको सूचना संकलन तत् तत् स्थलमा नै पुगेर गरिएको थियो ।

तथ्याङ्क संकलनका लागि तपसिलका कामहरू गरिएको थियो ।

- गाउँपालिकामा उपलब्ध सहायक सामग्री जस्तै बस्तुगत विवरण, प्रगति प्रतिवेदन, website अध्ययन ।
- गाउँपालिकाको वास सम्बन्धी संस्थाथत संरचनाको अवस्था पहिचान तथा यो क्षेत्रमा लगानीको अवस्था आंकलन ।
- उपभोक्ता समितिको संस्थागत क्षमता अध्ययन ।
- NWASH मोबाइल एप्सको माध्यमबाट गाउँपालिका क्षेत्रभरिका खानेपानी र सरसफाइ संग सम्वन्धित विद्यमान भौतिक संरचनाहरूको लेखाजोखा ।
- खानेपानीका श्रोतहरू (नयाँ तथा पुराना), तिनको वर्तमान अवस्था (क्षमता, गुणस्तर) र भविष्यमा स्तरोन्नति गर्न सकिने अवस्थाको समेत आंकलन ।
- खानेपानीको सेवा बाट बन्चित समुदायहरू तथा उपयुक्त श्रोतहरूको पहिचान ।
- अन्य विकास साझेदार तथा कार्यक्रमहरूको विवरण संकलन ।
- सम्पूर्ण विद्यालयहरू, स्वास्थ्य संस्थाहरू तथा सार्वजनिक संस्थाहरूको खानेपानी तथा सरसफाइ सम्बन्धी अवस्था र भावी योजनाहरू सम्बन्धी सूचना संकलन ।
- समुदायको ठोस तथा तरल फोहोर व्यवस्थापन, मानव सिर्जित दिसाजन्य लेदो व्यवस्थापन गरी श्रोतको पुन:प्रयोग सम्बन्धी समुदाय तहमा छलफल तथा अवलोकन गरी तथ्यहरूको संकलन ।

### १.६.४ तथ्याङ्क प्रशोधन, विश्लेषण र मस्यौदा तयारी

मोबाइल एप्सको सूचनाको प्रशोधन र विश्लेषण साथै समूहगत छलफल, प्रश्नावली र जाँचसूचिको आधारमा संकलन गरिएका सूचना तथा तथ्याङ्कहरूको विश्लेषण र नक्शाङ्कन गर्ने कार्य गरियो । खानेपानी, सरसफाइ र स्वच्छताका सम्वन्धमा गाउँपालिकामा विद्यमान रहेका सेवा र सुविधाका अलावा स्वच्छता व्यवहारको अवस्था र लक्ष्य बिचको अन्तराललाई सम्वोधन गर्ने योजना सहितको नेपाल सरकार खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन बिभाग बाट सिफारिस गरिएको ढाँचामा मस्यौदा प्रतिवेदन तयार गरियो । मस्यौदा तयारीका लागि लक्ष्यहरू निर्धारण गर्दा मुख्यतया खानेपानी तथा ढल व्यवस्थापन विभागले प्रस्ताव गरेको क्षेत्रगत सुधार योजना (SDP) र संयुक्त राष्ट्र संघले तयार गरेको दिगो विकास लक्ष्यको लक्ष्य नं ६ लाई समेत मध्यनजर गरेर तयार गरिएको थियो ।

### १.६.५ वास योजना प्रमाणीकरण गोष्ठी

**वडा स्तरीय योजना तर्जुमा तथा जोखिम क्षमता विश्लेषण गोष्ठी :** जोरायल गाउँपालिकाका वडा तहमा खानेपानी, सरसफाइ तथा स्वच्छताका लागि विद्यमान सेवा र सुविधाहरूको अवस्थाका सम्वन्धमा प्राप्त सूचना र तथ्याङ्कहरूको समेत प्रमाणीकरण गरेर पुग्नु पर्ने लक्ष्यहरूका आधारमा निर्वाचित जनप्रतिनिधिहरू, शिक्षक, स्वास्थ्य संस्थाका पदाधिकारीहरू र अन्य सामाजिक व्यक्तित्वका अलावा गाउँपालिकामा वास क्षेत्रमा कार्यरत कर्मचारीहरूको सहभागितामा योजना तर्जुमा गोष्ठी तथा छलफल भयो । सो गोष्ठीमा समुदायको जोखिम क्षमता विश्लेषणका अलावा स्थानीय स्तरको आवश्यकताहरू, भविष्यमा बन्न सक्ने संरचनाहरूको लागि उपयुक्त स्थलहरूको पहिचानका कामहरू समेत भए ।

**गाउँपालिका स्तरीय योजना तर्जुमा तथा वास योजना प्रमाणीकरण गोष्ठी :** जोरायल गाउँपालिकाका खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाका विद्यमान सुविधाहरू, वडा तहबाट प्राप्त योजनाका सूचीहरू समेटेर तयार पारिएको मस्यौदा वास योजना प्रस्तुति तथा छलफलका लागि गाउँपालिकाका अध्यक्ष उपाध्यक्ष, सम्पूर्ण कार्यपालिका सदस्यहरू वास क्षेत्रमा कार्यरत अन्य सरोकारवालाहरूको संयुक्त कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । उक्त गोष्ठीमा नयाँ खानेपानी योजनाहरूको प्रस्तावना तथा प्राथमिकिरण, गाउँपालिकाको वास कार्यक्रमहरूको बजेट रूपरेखा र विकास साझेदारहरूको संलग्नता, जलवायु परिवर्तनका असर र अनुकूलन योजना, विपद र विपद व्यवस्थापनका योजना, संस्थागत क्षमताहरूका बारेमा विस्तृत छलफल र सिकाइ आदान प्रदान का अलावा सूचना र तथ्याङ्कहरूको प्रमाणीकरण गरियो । गोष्ठीका सहभागीहरूवाट वास योजनाको दुरदृष्टि, परिलक्ष्य, लक्ष्य तथा रणनीतिहरूमा समेत छलफल गरी समान बुझाइ कायम गरिएको थियो ।

### १.६.६ वास योजना अन्तिम प्रतिवेदन तयारी तथा सार्वजनिकीकरण

गाउँपालिका स्तरीय गोष्ठीबाट प्राप्त सूचना, सुझाव, प्रस्तावित योजना, बजेट विश्लेषण, सरोकारवाला विश्लेषण आदि गरेर खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) योजनाको अन्तिम प्रतिवेदन तयार गरियो । वास योजना गाउँपालिकाको बैठकबाट कार्यान्वयनको प्रतिबद्धता सहित स्वीकृत गरी आगामी गाँउपरिषदबाट पास गर्ने गरी प्रमाणीकरण र सार्वजनिकीकरण गरियो ।

# अध्याय-२

# जोरायल गाउँपालिकाको वस्तुगत विवरण

## २.१ भौगोलिक अवस्थिति र बनोट



संवैधानिक व्यवस्था अनुसार स्थानीय सरकारका रूपमा जोरायल गाउँपालिका सुदुरपश्चिम प्रदेश अन्तर्गतको डोटी जिल्लाको दक्षिण पुर्वी भेगमा अवस्थित छ । यो गाउँपालिकाको केन्द्र समुद्री सतह देखिको उचाई : ११२६ मि. अक्षाँश : २९° ३२'००" देशान्तर : ८०°६८'८९" मा अवस्थित छ । जोरायल गाउँपालिका को कुल क्षेत्रफल ४१९.०९ वर्ग कि.मि रहेको छ । यस गाउँपालिकाको पुर्वमा बडीकेदार गाउँपालिका पश्चिममा डडेल्धुरा जिल्ला, उत्तरमा शिखर नगरपालिका तथा डडेल्धुरा जिल्ला र दक्षिणमा कैलाली जिल्ला रहेका छन । यस गाउँपालिकाको नामाकरण सम्वन्धमा विभिन्न कथनहरू भए पनि महाभारतको कथा अनुसार राक्षस जरासन्धले त्यहाँका राजा-महाराजादेखि सर्वसाधारणमा हिंसात्मक आतंक र उपद्रव मचाएका कारण भिमले जरासन्ध नामक राक्षसलाई दुई तिघ्रा समातेर बिचोबिच च्यातेर फाल्दा एक भाग यस क्षेत्रमा परेको हुँदा जरासन्धबाट 'जरालय' हुँदै 'जोरायल' भएको हो भन्ने धेरैको मत छ । (साभारः गाउँ वस्तुगत विवरण जोरायल) ।

जोरायल गाउँपालिकाको गठन निम्न साविकका घण्टेश्वर, छतिवन, लक्ष्मीनगर, सरस्वतीनगर, गड्सेरा र निरौली गाविसहरू मिलेर बनेको छ । साविकका प्रत्येक गाउँ विकास समितिहरू हालको गाउँपालिकाको वडा बनेको छ ।

**तालिका २.१ गाउँपालिकाको गठन**

| वडा नं | साविकका गाविस र वडाहरू | क्षेत्रफल (वर्ग कि मि) |
|---|---|---|
| १ | घण्टेश्वर | ३९.७५ |
| २ | छतिवन | ४७.६२ |
| ३ | सरस्वतिनग | ८७.९८ |
| ४ | लक्ष्मिनगर | ८६.८९ |
| ५ | गडसेरा | ९४.५४ |
| ६ | निरौली | ६२.३२ |
| **जम्मा** | | **४१८.११** |

(श्रोत:गाउँपालिका वस्तुगत विवरण २०७५ जोरायल)

## २.२ पहुँच

यस गाउँपालिकाको केन्द्र अत्तरियाबाट ६५ कि मि को दुरीमा भिमदत्त राजमार्गको बुडर बाट पुर्व तिर करिव ३५ कि मी कच्चि सडकले जोडिएको छ । गाउँपालिकाका अन्य वडाका केन्द्र मध्य वडा नं १ र २ मा भिमदत्त राजमार्गले छोएको र अन्य वडाहरूमा कच्चि सडक सन्जालले छोए पनि वडा नं ५ भने सडक सन्जालमा जोडिएको छैन ।

## २.३ भू-उपयोग तथा वातावरण

जोरायल गाउँपालिका प्राकृतिक सम्पदाको हिसावले धनी छ । चारैतिर डाँडाले घेरिएको बिचमा समथर जमिन भएको जोरायल उपत्यकामा प्राकृतिक सम्पदाहरू महत्वपूर्ण रहेका छन । तेले महाभारतसंग सिमाना जोडिएको यस गाउँपालिकामा जडीबुटीहरूको प्रसस्त सम्भावना छ । यसको साथसाथै काष्ठ उद्योगको पनि प्रसस्त सम्भावना रहेको छ । जोरायली गाड लगायत अन्य साना ठुला नदी नालाहरू यस क्षेत्रका प्राकृतिक श्रोत हुन । यस्तै उर्वरक भूमी भएका कारण जोरायली बासमती, फलफुल, तरकारी जस्ता जनतालाई आत्मनिर्भर बनाउने खालका उत्पादन गर्न सक्ने जमिन पनि यस गाउँपालिकाको प्राकृतिक सम्पदा हुन ।

यस गाउँपालिकामा हावापानी शितोष्ण रहेको छ । तापक्रम भने अधिकतम ३२° सेल्सियस र न्युनतम ५° को सेल्सियसको बिचमा रहने गरेको छ (श्रोतः गाउँपालिका वस्तुगत विवरण २०७५) ।

भरखरै शहरीकरणको प्रक्रियामा रहेकोले शहरोन्मुख तथा बाक्लो बस्तिहरू रहेको तथा फोहोरपानी व्यवस्थापनको सवाल गम्भिर चासो र चिन्ताको बिषय बनेको छ । ठोस तथा तरल फोहोर व्यवस्थापन गाउँपालिकाका लागि आउँदो दिनको लागि गम्भिर चुनौती बनेर अगाडि आइ रहेको छ ।

## २.४ जात जाति र जनसांख्यिक विवरण

गाउँपालिकाको वस्तुगत विवरण २०७५ को तथ्याङ्क अनुसार हालको घरसंख्या ३८०३ र जनसंख्या २१,६६७ रहेको छ जसमा पुरुषको संख्या १०,६४२,महिलाको संख्या ११,०२३ र अन्य २ जना रहेको छ । वडागत जनसंख्या तथा घर संख्याको विवरण यस प्रकार रहेको छ ।

**तालिका २.२ वडागत घरपरिवार तथा जनसंख्या विवरण**

| वडा नं | घर संख्या | जनसंख्या | | | |
|---|---|---|---|---|---|
| | | महिला | पुरूष | अन्य | जम्मा |
| १ | ५१४ | १४१४ | १३७० | ० | २७८४ |
| २ | ७६१ | २३१५ | २२५१ | ० | ४५६६ |
| ३ | ५३७ | १६६४ | १६१६ | १ | ३२८१ |
| ४ | ९१७ | २७०९ | २५०८ | ० | ५२१७ |
| ५ | ५३२ | १३४८ | १३६५ | १ | २७१४ |
| ६ | ५४२ | १५७३ | १५३२ | ० | ३१०५ |
| **जम्मा** | **३८०३** | **११०२३** | **१०६४२** | **२** | **२१६६७** |

(श्रोतःगाउँपालिका वस्तुगत विवरण २०७५ जोरायल)

जातजातिगत आधारमा जनसंख्यालाई हेर्दा सबैभन्दा ज्यादा क्षेत्रीको ५५.३५ प्रतिशत र दलित १६.४७ प्रतिशत जनजाती १४.६१ प्रतिशत, ब्राम्हण ७.६१ प्रतिशत, ठकुरी ५.२५ प्रतिशत र अन्य ०.५ प्रतिशत रहेका छन । गाउँपालिकाको जनसंख्यालाई

जातजातिगत रूपमा देहाय बमोजिम तालिका नं २.३ मा प्रस्तुत गरिएको छ ।

**तालिका २.३ जातिगत आधारमा जनसंख्या विवरण**

| वडा नं. | जातिगत जनंख्या | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ब्राह्मण | क्षेत्री | ठकुरी | सन्याशी | जनजाती | दलित | बादी | अन्य | जम्मा |
| १ | ६२ | १७९४ | १५६ | ० | ४५६ | ३१६ | ० | ० | २७८४ |
| २ | ४१६ | १५५५ | २८४ | १७ | ९८४ | १२८७ | २१ | २ | ४५६६ |
| ३ | ५०२ | १५५२ | ३११ | ० | २७४ | ६१२ | ३० | | ३२८१ |
| ४ | १४१ | ३०३३ | २३ | ३२ | ११९९ | ७३६ | ५३ | ० | ५२१७ |
| ५ | ३४२ | १६०८ | ३३० | ० | ० | ४३४ | ० | ० | २७१४ |
| ६ | १८७ | २४५१ | ३५ | ० | २४८ | १८४ | ० | ० | ३१०५ |
| जम्मा | १६५० | ११९९३ | ११३९ | ४९ | ३१६१ | ३५६९ | १०४ | २ | २१६६७ |

श्रोत : गाउँपालिका वस्तुगत विवरण २०७६




श्रोत: गाउँपालिका वस्तुगत विवरण २०७६

## २.५ आर्थिक गतिविधि र पेशा

जोरायल गाउँपालिकाको बस्तुगत विवरण प्रतिवेदन २०७६ अनुसार यस गाउँपालिकामा रहेका १४ बर्ष भन्दा माथीको जनसंख्याको पेशागत अवस्था हेर्दा अधिकांश जनसंख्या कृषि पेशामा रहेको देखिन्छ । १४ बर्षभन्दा माथीको कुल जनसंख्या १४८१४ को ५७.४१% कृषि पेशामा आवद्ध रहेका छन् । यो संख्या कुल जनसंख्याको आधा भन्दा बढी भएपनि नेपालको कृषि पेशा गर्ने जनसंख्याको तुलनामा भने कमै हुन आउँछ । यस्तै कुल संख्याको १५.९% जनसंख्या अध्ययनमा रहेका छन् । यस्तै ७.१४% नौकरी, ५.६८% व्यापार, ५.७१% ज्याला मजदुरी, ४.४६% बैदेशिक रोजगारमा रहेका छन् । यस्तै १.९१% गृहणी, ०.२७% व्यवसायिक कार्य र ०.५३% अन्य पेशामा रहेका छन् । यस गाउँपालिकाको १४ बर्षमाथीका कुल जनसंख्याको ०.९६% वेरोजगार रहेको देखियो । यस गाउँपालिकाबाट बैदेशिक रोजगारीमा जानेहरूमा भारत जानेको संख्या अत्याधिक रहेको पाईयो ।

**तालिका नं २.३ पेशाका आधारमा जनसंख्या विवरण (१४ बर्षमाथी)**

| वडा नं. | कृषि | नौकरी | व्यापार | ज्याला मजदुरी | बैदेशिक रोजगार | व्यवसायिक कार्य | बिद्यार्थी | गृहणी | वेरोजगार | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ११८१ | ६६ | १०७ | २०१ | ७८ | ६ | २२३ | ० | ८ | ६ | १८७६ |
| २ | १३३२ | २०७ | ३३१ | २७४ | ११४ | १४ | ६३० | २३८ | २८ | १४ | ३१८२ |
| ३ | १२०२ | २३४ | १०९ | १४८ | ९४ | १२ | ४१९ | २ | ३२ | ३ | २२५५ |
| ४ | २३९१ | २१७ | १३१ | ९२ | २०३ | ५ | ४९२ | ३ | ६ | ४ | ३५४४ |
| ५ | ११११ | २३८ | १०७ | ५७ | १०३ | १ | १९७ | ३८ | ४१ | २ | १८९५ |
| ६ | १२८८ | ९७ | ५७ | ७४ | ६९ | २ | ३९५ | २ | २८ | ५० | २०६२ |
| जम्मा | ८५०५ | १०५९ | ८४२ | ८४६ | ६६१ | ४० | २३५६ | २८३ | १४३ | ७९ | १४८१४ |

श्रोतः गाउँपालिका वस्तुगत विवरण २०७५

यस गाउँपालिकामा कृषि विकास बैंक र देव विकास बैंकका अलावा ५ वटा सहकारी संस्थाहरूले वित्तीय कारोबार सहित आर्थिक गतिविधि संचालन गरिरहेका छन ।

## २.६ जनसंख्याको गतिशिलता र बसाइँ सराइ

यस गाउँपालिकाबाट बसाइँ सरी जानेको संख्या धेरै रहेको पाईएको छ । वि स २०७४ सालमा गाउँपालिकाका बिभिन्न वडाहरूमा भएका व्यक्तिगत घटनाका दर्ताहरूमा बसाइँ सरी गएका परिवार संख्या २२९ रहेको छ । यस गाउँपालिकामा बिभिन्न क्षेत्रबाट बसाइँ सरी आएकाहरूको संख्या १२५ मात्रै रहेको छ । यस आधारमा प्रत्येक बर्ष यस गाउँपालिकाबाट १०४ परिवार बसाइँ सरी गएको देखिन्छ बसाइँ सरी आएकाहरूको संख्यालाई घटाउँदा समेत यस गाउँपालिकाबाट बर्षेनी करीव १०० परिवार बसाइँ सरी जाने गरेको अनुमान गर्न सकिन्छ । वि स २०७४ सालमा सवै भन्दा बढी बसाइँ सराई गरी जाने परिवार वडा नं. ४ बाट रहेका छन् भने बसाइँ सरी आउनेको संख्या बडा नं. २ (बुडर) मा बढी रहेको छ ।

## २.७ भौतिक पूर्वाधार

यस गाउँपालिकामा भौतिक पूर्वाधारको क्षेत्रमा मुख्य गरी भिमदत्त राजमार्ग र वडा कार्यालय जाने सहायक मार्ग रहेको छ । यसको अलावा ग्रामीण क्षेत्रमा समेत ग्रावेल र कच्चि सडकहरू रहेका छन । यस गाउँपालिकामा गाउँपालिका कार्यालयको अलावा ६ वटा वडा कार्यालय, ५८ वटा सामुदायिक विद्यालयहरू रहेका छन भने गाउँपालिकाम ८ वटा स्वास्थ्य केन्द्रहरू रहेका छन । ५, ६ वडामा साना लघु जलविद्युत र अन्य सबै वडामा बिद्युतको पँहुच सामान्य पुगेको भए पनि करिव ३७.७३ प्रतिशत परिवारले मात्र विद्युतको उपयोग गरेका छन र ५२.१७ प्रतिशतले सौर्य उर्जाको प्रयोग गरेको पाइन्छ । संचारको क्षेत्रमा नेपाल टेलिकम, एनसेल र स्मार्टसेलहरूले सेवा प्रदान गरिरहेका छन् ।

यस गाउँपालिकाको प्रमुख धार्मिक तथा पर्यटकिय स्थलहरू घण्टेश्वर मन्दिर, छतिवन ताल, ज्वालावन ताल, कफलडा र अन्य छहरा (झरना) रहेका छन । यस गाउँपालिकाको प्रमुख बजारमा बुडर बजार रहेको छ ।

## २.८ गाउँपालिकामा उपलब्ध अन्य कार्ययोजनाहरू र वास योजनाको सम्वन्ध

जोरायल गाउँपालिकामा अन्य कार्ययोजनाहरू तयार भइ नसकेको अवस्था रहेको छ तथापी गाउँपालिकाको आवधिक योजना तयारीको प्रक्रियामा रहेको छ र त्यो तयारीको प्रक्रियामा रहेको आवधिक योजनामा खानेपानी तथा सरसफाइका कार्यक्रमलाई

प्राथमिकतामा राखी कार्यान्वयन गर्न समेत यो वास योजनाले दिशानिर्देश गर्नेछ ।

## २.९ वास क्षेत्रमा कार्यरत बिकास साझेदारहरू

वर्तमानमा जोरायल गाउँपालिकामा खानेपानी सरसफाइ र स्वच्छताका क्षेत्रमा तपसिलका बिकास साझेदारहरू रहेका छन ।

### २.९.१ ग्रामीण जलश्रोत व्यवस्थापन योजना (RVWRMP III)

जोरायल गाउँपालिकामा यसै आ व २०७६/७७ बाट ग्रामीण जल श्रोत व्यवस्थापन परियोजनाले खानेपानी र सरसफाइको क्षेत्रमा कार्यक्रम सन्चालन गरिरहेको छ । ग्रामीण जलश्रोत व्यवस्थापन योजना (RVWRMPIII) बाट तपसीलका कार्यक्रमहरू सन्चालन हुनेछन ।

- खानेपान संरचना निर्माण, सुधार तथा स्तरोन्नति
- जिविकोपार्जन का लागि तालिम गोष्ठीहरू
- अनुगमन तथा मुल्याकंन

### २.९.२ युनिसेफ (Unicef)

युनिसेफ नेपालले जोरायल गाउँपालिकामा गाउँपालिका मार्फत खानेपानी तथा सरसफाइका क्षेत्रमा तपसिलका कार्यक्रम संचालन गरि रहेको छ ।

- खानेपानी सुरक्षा योजना तयारी
- स्वच्छ खानेपानी क्षेत्र घोषणा
- वास योजना तयारी कार्यक्रम
- विद्यालय सरसफाइ कार्यक्रम

# अध्याय-३

# खानेपानी, सरसफाइ तथा स्वच्छता स्थिति

## ३.१ जोरायल गाउँपालिकाको खानेपानीको अवस्था

### ३.१.१ गाउँपालिकामा खानेपानीका प्राथमिक श्रोतहरू

वश योजना तयारीको क्रममा जोरायल गाउँपालिकाका नमुनाको रूपमा ३५२ घरको घरधुरी सर्वेक्षण गरि तथ्याकं संकलन गरिएको थियो ।

प्राप्त तथ्यांकलाइ खानेपानी प्रयोगका आधारमा विश्लेषण गर्दा ३२३ (९१.७६%) घरधुरीहरूले खानेपानीको पाइप प्रणाली, २० (५.६८%) घरधुरीहरूले असुरक्षित श्रोतहरूको पानी, ८ (२.२७%) घरधुरीहरूले सतही (खोला खोल्सि) को पानी प्रयोग र १ (०.२८%) घरधुरीले सुरक्षित श्रोतको पानी प्रयोग गर्ने गरेको पाइयो । यस सम्बन्धी वडागत विवरण तल तालिकामा दिइएको गरिएको छ ।

**चित्र नं ३.१ खानेपानी प्रयोग गर्ने घरधुरीहरु**




**तालिका नं : ३.१ खानेपानी प्रयोगका आधारमा वडागत घरपरिवारहरूको विवरण**

| वडा नं | खानेपानीको मुख्य श्रोत | | | | सर्वेक्षण गरिएको घर |
|---|---|---|---|---|---|
| | पाइप प्रणाली | सुरक्षित श्रोत | असुरक्षित श्रोत | सतही पानी | |
| १ | ४१ | - | ४ | २ | ४७ |
| २ | ८२ | - | ३ | ३ | ८८ |
| ३ | ५७ | १ | २ | - | ६० |
| ४ | ६७ | - | ७ | - | ७४ |
| ५ | २४ | - | ३ | २ | २९ |
| ६ | ५२ | - | १ | १ | ५४ |
| **जम्मा** | **३२३** | **१** | **२०** | **८** | **३५२** |
| **प्रतिशत** | **९१.७६%** | **०.२८ %** | **५.६८ %** | **२.२७ %** | |

श्रोतः NWASH स्थलगत सर्बेक्षण, २०७६

### ३.१.२ गाउँपालिकामा सुरक्षित खानेपानीका स्तर

**तालिका नं ३.२ खानेपानीको स्तर (दिगो विकास लक्ष्यको आधारमा)**

| खानेपानीको स्तर | सुरक्षित व्यवस्थित सेवा | आधारभूत सेवा | सीमित सेवा | सेवा छैन |
|---|---|---|---|---|
| **प्रतिशत** | ६.०० | ८६.०० | ६.०० | २.०० |

### खानेपानी सेवाको परिभाषा तथा सूचकहरू

**सुरक्षित तरिकाले व्यवस्थापन गरिएको खानेपानी (Safely Managed):** आधारभूत खानेपानी श्रोत जुन घर परिसर भित्र जतिवेला पनि उपलब्ध छ र दिसाजन्य तथा अन्य प्रमुख रासायनिक प्रदुषणवाट (जस्तै Arsenic) मुक्त छ ।

**आधारभूत खानेपानी सेवा (Basic Service):** सुधारिएको खानेपानीको श्रोत, पानी संकलन समय ३० मिनेट भन्दा कम लाग्ने ।

**सिमित खानेपानी सेवा (Limited Service):** खानेपानीका असुरक्षित श्रोत र पानी संकलन समय ३० मिनेट भन्दा वढि लाग्ने ।

**असुरक्षित खानेपानी सेवा (Unsafe Service/ No Service)** सतही पानीको श्रोत

**चित्र नं ३.२ वडास्तरिय खानेपानीको स्तर**




## ३.१.२ मौजुदा खानेपानी प्रणालीहरू

जोरायल गाउँपालिकामा तथ्याङ्क संकलनका क्रममा १३६ वटा खानेपानी प्रणालीहरू टिपोट गरिएको भएता पनि २२ वटा योजनामा धारासंख्या, घरसंख्या र जनसंख्या उल्लेख नभएकोले ११४ खानेपानी प्रणालीले मात्र खानेपानी सेवा दिएको देखियो । जम्मा ७२८ वटा धाराले १७८८ घरपरिवारका ६६६० पुरूष र ६५४४ महिला गरी १३१४४ जनसंख्यामा पाइप प्रणालीको पहुँच पुगेको देखिन्छ । यस सम्बन्धी विस्तृत विवरण अनुसूची १ मा दिइएको छ ।

### ३.१.३ निर्माणाधिन खानेपानी प्रणालीहरू

जोरायल गाउँपालिकामा निर्माणाधिन खानेपानी प्रणालीहरू तपशिलका रहेका छन ।

**तालिका नं : ३.३ निर्माणाधिन खानेपानी प्रणालीहरूको विवरण**

| क सं | योजनाको नाम | लाभान्वित क्षेत्र | प्रकार | वडा नं | लाभान्वित | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | घर | जनसंख्या | |
| १ | घोराडी झुलडांडा | घोराडी झुलडांडा | | १ | १२ | ६५ | |
| २ | केरावारी विद्यालय | केरावारी विद्यालय | लिफ्टिङ्ग (बिद्युतिय) | २ | १५ | ५३ | |
| ३ | तल्लो रिठा, सुनखोला | तल्लो रिठा, सुनखोला, पनारी गैरा | | २ | ७५ | ३१९ | |
| ४ | जजना खानेपानी योजना | | | २ | ७ | ४२ | |
| ५ | सल्याडी रूपालीखोला खा पा यो | | लिफ्टिङ्ग (बिद्युतिय) | २ | २८ | १२० | |
| ६ | केनखेत खा पा यो | | लिफ्टिङ्ग (बिद्युतिय) | २ | ७० | ३५३ | |
| ७ | सिरसी खा पा या | सिरसी | ग्रविटि | ६ | ४० | २२९ | २०६८ बाट निर्माणाधिन |
| ८ | बागबजार खा पा | बागबजार | ग्रविटि | ६ | १३ | ७४ | |
| ९ | पिपलटोल खा पा | पिपलटोल | ग्रविटि | ६ | १२ | ६९ | |
| | **जम्मा** | | | | **२७२** | **१३२४** | |

### ३.१.४ ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना (RVWRMPIII) बाट यसै आवमा सन्चालन हुने गरि प्रस्तावित खानेपानी योजनाहरू

जोरायल गाउँपालिकाका वडा नं २, ३, ४ र ६ नं वडामा ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना (RVWRMPIII) बाट यसै आव २०७६/७७ मा निर्माण सम्पन्न गर्ने गरि तपशिलका योजनाहरू प्रस्ताव गरिएको रहेछ ।

**तालिका नं : ३.४ निर्माणाधिन खानेपानी योजनाहरूको विवरण**

| क सं | योजनाको नाम | लाभान्वित क्षेत्र | वडा नं | लाभान्वित जनसंख्या | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | घर | महिला | पुरूष | जम्मा | |
| १ | सिस्नेखोटे गावर खा पा यो | | ६ | ७० | | | ४२० | |
| २ | छाडिदेउ भजना खापायो | | ३ | १०१ | | | ६०६ | |
| ३ | वगस्ते खापायो | | ४ | १११ | | | ५०४ | |
| ४ | जग्गोदर खापायो | | ४ | १४५ | | | ९९६ | |
| ५ | रावतकट्टे खापायो | | ४ | ११८ | | | ७४४ | |
| ६ | बुडखोला खापायो | | २ | ४० | | | २४० | |
| | | | | **५८५** | | | **३५१०** | |

### ३.१.५ खानेपानी योजनाहरूको दिगोपन तथा सुचारूपन (Sustainability and Functionality)

जोरायल गाउँपालिकामा १३६ वटा खानेपानी आयोजनाहरू अध्ययन गरिएको थियो । जसमा दिगोपनाको हिसावले ९२ वटा (६४ प्रतिशत) योजनाहरू अति जोखिममा रहेका छन, ६ (४ प्रतिशत) योजनाहरूमा जोखिम छैन भने ३८ (२८ प्रतिशत) योजनाहरू कम जोखिममा रहेका छन । सुचारूपनका हिसाबले १३६ योजना मध्ये ६४ (४७ प्रतिशत) वटा योजनाहरू अति जोखिममा, १७ (१३ प्रतिशत) योजनाहरू कम जोखिममा र ५५ (४० प्रतिशत) योजनाहरू जोखिममा छैनन । जोखिम र कम जोखिममा रहेका योजनाहरूमा सुचारूपन र दिगोपनाका लागि थप कृयाकलापहरू संचालन गरिनु पर्दछ । सुचारूपन र दिगोपनको अवस्थाका विस्तृत विवरण अनुसूची १ र ३ मा दिइएको छ ।

**चित्र नं ३.३ खानेपानी योजनाको दिगोपन (Sustainability)**




**चित्र नं ३.४ खानेपानी योजनाको सुचारुपन (Functionality)**




| प्राप्ताकंका आधारमा योजनाहरूको दिगोपनाका वर्गिकरण | |
|---|---|
| जम्मा प्राप्ताक | दिगोपनका लागि जोखिमको स्तर |
| ७० भन्दा बढि | कम जोखिम वा जोखिममा छैन |
| ६० देखि ७० | केही जोखिम |
| ६० भन्दा कम | बढि जोखिम |

### ३.१.६ खानेपानीको सुविधाबाट वन्चित घरधुरी तथा जनसंख्या

जोरायल गाउँपालिका भरिमा ११४ वटा पाइपलाइनको खानेपानी योजना संचालनमा रहेको र केही खानेपानी योजनाहरू प्रस्तावित रहेका छन । हाल सम्म खानेपानी प्रणालीबाट खानेपानी सुविधा प्राप्त गरेको विवरण तपसिलको रहेको छ ।

**तालिका नं : ३.५ खानेपानी सुविधाबाट बन्चित घरधुरी तथा जनसंख्याको विवरण**

| वडा नं | जम्मा | | मौजुदा योजनाबाट | | वास योजनामा प्रस्तावितबाट | | मौजुदा योजना बाट विस्तार | | निर्माणधिन योजनाबाट | | अन्य निकायबाट प्रस्तावितबाट | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घरधुरी | जनसंख्या | घरधुरी | जनसंख्या | घरधुरी | जनसंख्या | घरधुरी | जनसंख्या | घरधुरी | जनसंख्या | घरधुरी | जनसंख्या |
| १ | ५१४ | २७८४ | २८९ | २४७८ | १७२ | ७०९ | ४१ | २२२ | १२ | ६५ | | |
| २ | ७६१ | ४५६६ | २८७ | १६६७ | २८५ | १७१० | | | १९५ | ८८७ | ४० | २४० |
| ३ | ५३७ | ३२८१ | ४६९ | ३०८३ | १०९ | ६६६ | | | | | १०१ | ६०६ |
| ४ | ९१७ | ५२१७ | ३९६ | ३८१२ | ४४४ | २५२६ | | | | | ३७४ | २२४४ |
| ५ | ५३२ | २७१४ | २३९ | १३६५ | २९३ | ८३६ | | | | | | |
| ६ | ५४२ | ३१०५ | १०८ | ७३९ | २९९ | १३८१ | | | ६५ | ३७२ | ७० | ४२० |
| **जम्मा** | **३८०३** | **२१६६७** | **१७८८** | **१३१४४** | **१६०२** | **७८२८** | **४१** | **२२२** | **२७२** | **१३२४** | **५८५** | **३५१०** |

श्रोतः घरधुरी सर्वेक्षण तथा गाउँपालिका गोष्ठी २०७६

### ३.१.७ संस्थागत खानेपानी सुविधा

स्थलगत अध्ययनवाट यस गाउँपालिकामा रहेका सम्पूर्ण विद्यालयहरू, स्वास्थ्य संस्था, सार्वजनिक शौचालय र कार्यालयहरूमा खानेपानीको सुविधाको अवस्था तपशिल वमोजिमको रहेको छ । समग्रमा २४% विद्यालयहरूमा खानेपानी सुविधा नभएको देखिन्छ ।

जम्मा ६७ विद्यालयहरू मध्ये ४१ वटा विद्यालयमा पाइप प्रणालीको खानेपानी, १० वटा विद्यालयमा आफ्नै श्रोतको खानेपानी र १६ वटा विद्यालयहरू अझै पनि खानेपानी सुविधाबाट बन्चित छन ।




स्वास्थ्य संस्थाहरूमा पानीको उपलब्धता मध्ये ६ वटामा स्वास्थ्य संस्थाहरूमा २४ सै घण्टा पानी उपलब्ध हुन्छ भने ४ वटामा २४ सै घण्टा पानी उपलब्ध हुंदैन । ३ वटा स्वास्थ्य संस्थाहरूमा पानीको सुविधा उपलब्ध छैन । पानीको शुद्धिकरणका सम्वन्धमा ५ वटा स्वास्थ्य संस्थाहरूम संधै गरिन्छ भने २ वटा संस्थामा कहिले काहि गरिन्छ र ३ वटामा कहिले पनि नगरिने भेटियो ।

**तालिका नं : ३.६ स्वास्थ्य संस्थाहरूको पानी र सरसफाइको अवस्था**

| क्र.स. | स्वास्थ्य संस्थाको नाम | वडा | म पु का लागि भिन्दा भिन्दै | पानीको उपलब्धता | अपाङ्ग मैत्रि सुविधा | हात धुने सुविधा | महिनावारी व्यवस्थापन सुविधा | सरसफाइको अवस्था |
|---|---|---|---|---|---|---|---|---|
| १ | लक्ष्मीनगर हेल्थपोस्ट | ४ | छैन | छ | हुन्छ | छ | छ | प्रयोगमा छ, सफापनि छ |
| २ | छतिवन हेल्थकेयर सेन्टर | २ | छैन | छ | हुंदैन | छैन | छैन | प्रयोगमा छ, सफापनि छ |
| ३ | गडसेरा हेल्थपोस्ट | ५ | छ | छ | हुन्छ | छ | छ | प्रयोगमा छ सफापनि छ |
| ४ | गावर सामुदायिक स्वास्थ्य केन्द्र | ६ | छैन | छ | हुंदैन | छैन | छैन | प्रयोगमा छ सफापनि छ |
| ५ | घण्टेश्वर हेल्थ पोस्ट | १ | छैन | छैन | हुंदैन | छैन | छैन | प्रयोग छ, सफा छैन |
| ६ | गैरा हेल्थकम्युनिटी सेन्टर | १ | छ | छ | हुन्छ | छ | छैन | प्रयोग छ, सफापनि छ |
| ७ | निरौली हेल्थ पोस्ट, खसरे | ६ | छ | छ | हुन्छ | छ | छ | प्रयोगमा छ, सफापनि छ |
| ८ | प्राथमिक हेल्थ सेन्टर, चनकट्टे | ३ | छ | छ | हुंदैन | छ | छैन | प्रयोगमा छ, सफापनि छ |
| ९ | सामुदायिक हेल्थ युनिट निरौली | ६ | | छैन | | | | चर्पी नै छैन |
| १० | सामुदायिक हेल्थ युनिट, खतेडा | ४ | छ | छैन | हुंदैन | छैन | छैन | प्रयोग छ, सफा छैन |

श्रोतः संस्थागत सर्भेक्षण, २०७६

जम्मा ६ वटा सार्वजनिक शौचालय मध्ये ५ वटा शौचालयहरूमा पानीको उपलब्धता छ भने एक वटा शौचालयमा पानीको उपलब्धता नरहेको भेटियो ।

**चित्र ३.५ विद्यालयमा खानेपानीको अवस्था**




**चित्र ३.६ स्वास्थ्य संस्थामा खानेपानीको अवस्था**



### ३.१.७ चुनौतीहरू

खानेपानीको क्षेत्रमा जोरायल गाउँपालिकामा निम्न चुनौतीहरू देखिएका छन ।

- उपभोक्ता समितिको संस्थागत क्षमताको कमिको कारणले योजनाको दिगोपन कायम राख्न समस्या
- योजना निर्माणका क्रममा निर्माणकार्यमा गुणस्तरीयता कायम गर्न नसकिएकोले सुचारूपनमा चुनौती
- खानेपानी निर्माणका क्षेत्रमा दक्ष कामदारको अभाव
- जलवायु परिवर्तनको असरले पानीका मुहानहरू कम हुदै गएको

## ३.२ सरसफाइ तथा स्वच्छताको अवस्था

### ३.२.१ घरायसी सरसफाइ तथा स्वच्छताको अवस्था

घरायसी सरसफाइका सम्वन्धमा जोरायल गाउँपालिका खुला दिसा मुक्त गाउँपालिका घोषणा भइसकेको भए पनि ३८०३ घरपरिवार मध्ये नमुना रूपमा ३५२ घरमा गरिएको घरपरिवार सर्वेक्षणको आधारमा ११ घरपरिवार (करिब ३.१२ प्रतिशत) शौचालय बिहिन रहेको भेटियो । यसरी सो नमुना सर्वेक्षणलाई आधार मानेर प्रक्षेपण गर्दा शौचालयको पहुंच नभएका घरपरिवारको संख्या ११७ हुन आउँछ । १००५ घरपरिवारमा` हाल सम्म पनि कच्चि चर्पीहरू नै रहेका छन । तसर्थ करिव ८० प्रतिशत घरपरिवार सरसफाइको आधारभूत स्तर (Basic level), १७ प्रतिशत घरपरिवार नसुधारिएको स्तर (Unimproved level) र ३ प्रतिशत घरपरिवार खुला दिसा स्तर (OD level) मा रहेका छन ।

चित्र ३.७ वडास्तरमा घरयासी चर्पिका प्रकारहरु




चित्र ३.८ वडा स्तरिय हात धुने सुविधा



घरवरिपरिको सरसफाइको अवस्था पनि त्यति सन्तोषजनक रहेको छैन । घरबाट निस्केको तरल फोहोर करिव ६६ प्रतिशत घर परिवारले करेशावारीमा, करिव २५ प्रतिशतले खुला स्थानमा र करिव ३ प्रतिशतले त्यतिकै छाडिदिने गरेका छन । ठोस फोहोर व्यवस्थापनको अवस्था पनि सन्तोषजनक छैन । फोहोर संकलन तथा कुहिने र नकुहिने फोहोर अलग अलग गर्ने प्रचलन पनि चलि सकेको छैन । करिब ४८ प्रतिशत घरपरिवारले फोहोर त्यतिकै गाउँ वरिपरी फाल्ने गरेको, ४५ प्रतिशतले नजिकको खोलामा विसर्जन गर्ने गरेको, करिव ६ प्रतिशतले घरवरिपरी र १ प्रतिशत घरपरिवारले सडक किनारमा विसर्जन गर्ने गरेको पाइएको छ ।

करिव ३२ प्रतिशत घरपरिवारमा मात्र निश्चित स्थानमा हात धुने स्थान भएको पाइयो भने जोखिमपूर्ण अवस्थामा हात धुने परिवारको संख्या पनि निकै कम रहेको छ ।

### सुरक्षितरूपले व्यवस्थित सरसफाई?

- दिगो विकास लक्ष्यले **'सुरक्षित रूपले व्यवस्थित सरसफाई'** लाई सुधारिएका सुविधाहरूको प्रयोग जुन अन्य परिवारसँग साझेदारी गरिएको छैन र जहाँ फोहरलाई उत्पतिस्थानमै, वा सुरक्षित रूपले फोहोर फाल्ने स्थानमा ढुवानी गरी व्यबस्थापन गरिएको' रूपमा परिभाषित गरेको छ । नेपालको सन्दर्भमा यो सामान्यतया डबल (पिट शौचालयहरूमा मात्र सम्भव हुन्छ जहाँ एउटा पिट भरिएको खण्डमा अर्को प्रयोग गरिन्छ र पिटमा कम्पोस्ट हुदै गर्छ जसले गर्दा भरिएको पिट कच्चा रूपमानै फोहर निकालेर खालि गर्नु पर्दैन ।

सर्भेगर्दा प्रयोग गरिएका अन्य परिभाषाहरू निम्नानुसार छन्ः

- आधारभुत (Basic): (पक्की शौचालय भएको तर अरू घरसँग साझेदारी नगरिएकोएकल सेप्टिक टैंक भएका शौचालयहरू)
- सिमित (Limited): (पक्की शौचालय भएको तर अरू घरसँग पनि साझेदारी गरिएको)
- नसुधारिएको (Unimproved): कच्ची शौचालयहरू भएको
- खुल्ला दिशाः (शौचालय नभएको)

श्रोतः JMP, https://washdata.org/monitoring/sanitation

**तालिका नं : ३.९ घरपरिवार तहमा शौचालयहरूको विवरण**

| वडा नं | घरधुरी | | | | | प्रक्षेपण गरिएको | | |
|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | सर्वेक्षण गरिएको | चर्पी नभएको | कच्चि चर्पी | पक्कि चर्पी | चर्पी नभएको | कच्चि चर्पी | पक्कि चर्पी |
| १ | ५१४ | ४७ | ४ | ६ | ३७ | ४४ | ६६ | ४०४ |
| २ | ७६१ | ८८ | ३ | १२ | ७३ | २६ | १०४ | ६३१ |
| ३ | ५३७ | ६० | ० | १४ | ४६ | ० | १२५ | ४१२ |
| ४ | ९१७ | ७४ | ३ | १७ | ५४ | ३७ | २१० | ६७० |
| ५ | ५३२ | २९ | ० | २५ | ४ | ० | ४५८ | ७४ |
| ६ | ५४२ | ५४ | १ | ४ | ४८ | १० | ४० | ४९२ |
| **जम्मा** | **३८०३** | **३५२** | **११** | **९४** | **२६२** | **११७** | **१००३** | **२६८३** |
| **प्रतिशत** | | | **३।०७** | **२६।३७** | **६५।१७** | | | |

जोरायल गाउँपालिकामा सरसफाइ सेवाहरू दिगो विकास लक्ष्य (एसडीजी) का परिभाषाहरू प्रयोग गरी मूल्याङ्कन गरिएको थियो । हालै गरिएको घरपरिवार सर्वेक्षण अनुसार कुनै पनि घरमा दुई खाल्डे शौचालयहरू छैनन र सबै शौचालयहरू एक खाल्डे वा सेप्टिक टैंक भएका शौचालयहरू छन, यसैले अधिकांश घरहरू आधारभूत सरसफाइको श्रेणीमा परेका छन् (परिभाषाका लागि बक्स हेर्नुहोस) । जोरायल गाउँपालिकाका शौचालयको सेप्टिक ट्याङ्क को खाडल भरिए पछिको व्यवस्थापन बारे पनि सोच्ने समय आइसकेको छ । त्यसैले जोरायलका ग्रामीण समुदायमा दुई खाल्डे चर्पीलाई प्रर्बद्धन गर्नु आवश्यक देखिन्छ ।

### ३.२.२ सार्वजनिक र सामुदायिक शौचालय



चित्र नं ३.८ वडास्तरिय सुरक्षित व्यवस्थित सरसफाइ सेवा

यस गाउँपालिका भित्र जम्मा ६ वटा सार्वजनिक शौचालयहरू रहेका छन । सार्वजनिक शौचालयहरूको मर्मत संभार तथा संचालन प्रमुख चुनौतीको रूपमा रहेको छ । निर्माण सम्पन्न भएका ६ वटा सार्वजनिक शौचालयहरू मध्ये ५ वटा शौचालयहरू संचालनमा रहेका छन तर संचालनमा रहेका ५ वटा मध्ये ३ वटाको सरसफाइको अवस्था राम्रो र दुइवटाको सरसफाइको अवस्था सन्तोषजनक रहेको छ । सार्वजनिक शौचालयको सन्चालनका लागि परम्परागत विधि सशुल्क शौचालय पनि यस गाउँपालिकामा व्यवहारिक देखिएको छैन । जम्मा ६ वटा सार्वजिनिक शौचालयमा केवल १ वटा शौचालय मात्र अपाङ्गमैत्री छ भने कुनै पनि शौचालयमा महिनावारी व्यवस्थापनको सुविधा छैन यसको मतलब कुनै पनि सार्वजनिक शौचालयहरू लैङ्गिकमैत्रि शौचालय छैनन । गाउँपालिका भित्रका सार्वजनिक शौचालयहरूको सरसफाइको अवस्था सम्बन्धी विवरण तल तालिकामा प्रस्तुत गरिएको छ ।







### ३.२.४ शैक्षिक संस्थाहरूमा सरसफाइ तथा स्वच्छता अवस्था

संस्थागत सरसफाइ तथा स्वच्छताका सम्वन्धमा संस्थाका शौचालयहरूमा पानीको उपलब्धता, शौचालयको पर्याप्तता, सावुनपानी र हातधुने सुविधा, महिनावारी स्वच्छता व्यवस्थापन, ठोस तथा तरल फोहोर व्यवस्थापन आदि सुचक राखेर अध्ययन गरिएको थियो ।विद्यालयसरसफाइ सुविधाको विवरण अनुसूची ८ मा दिइएको छ ।

चित्र नं ३.९ सार्वजनिक शौचालयको खानेपानी र सरसफाई को अवस्था



जोरायल गाउँपालिकामा रहेका सम्पूर्ण ६८ विद्यालयहरू मध्ये ४ वटा विद्यालयमा मात्र शौचालय नभएको पाइयो भने ६४ वटा विद्यालयहरूमा शौचालय रहेका छन ।

६४ वटा शौचालयम भएका विद्यालय मध्ये २४ वटा विद्यालयमा मात्र हात धुने सुविधा उपलब्ध छ र ४० वटा विद्यालयामा सो सुविधा छैन । ३ वटा विद्यालयको शौचालयमा मात्र स्यानिटरी प्याड व्यवस्थापन गर्ने डस्टविन रहेको छ र ६० वटा विद्यालयमा सुविधा छैन । १ वटा विद्यालयवाट उत्तर आउन सकेन । शौचालय भएका कुल ६४ विद्यालय मध्ये ७ वटा विद्यालयका शौचालयको अवस्था धेरै राम्रा, ४८ वटा विद्यालयका शौचालयको अवस्था सफा र राम्रो तथा ८ वटा विद्यालयका शौचालयको अवस्था खराब देखियो । शौचालय भएका विद्यालय मध्ये ९ वटा विद्यालयका शौचालयमा मात्र अपाङ्गमैत्रि सुविधा भएको र ५३ वटा विद्यालयका शौचालयमा नभएको पाइयो ।



चित्र नं ३.१० विद्यालय शौचालयको सरसफाई को अवस्था

## ३.२.५ स्वास्थ्य संस्थाहरूमा सरसफाइ तथा स्वच्छता अवस्था

जोरायल गाउँपालिकामा भएका जम्मा १० वटा स्वास्थ्य संस्थाहरू मध्यै ९ वटामा शौचालय रहेको र बांकी १ निर्माणाधिन अवस्थामा रहेको छ । स्वास्थ्य संस्थाहरूमा सरसफाइ र स्वच्छताको अवस्था राम्रो देखियो । ९ वटा शौचालय मध्यै ६ वटामा बालमैत्री सुविधा, ४ वटा शौचालयमा अपाङ्गमैत्रि सुविधा र ३ वटामा महिनावारी व्यवस्थापन सुविधा (शौचालयमा ढकन सहितको डस्टबिन) रहेको छ । स्वास्थ्य संस्थाहरूमा ठोस फोहोर संकलनका लागि १ वटामा प्लाष्टिक व्याग र ९ वटामा डस्टबिन को व्यवस्था गरिएको छ । फोहोर व्यवस्थापनका लागि २ वटा संस्थाहरूमा केही पनि गरिएको पाइएन । ३ वटामा विशेष खाडलमा गाढने, ३ वटामा जैविक प्रक्रियाबाट र २ वटामा फाहोर विसर्जन केन्द्रमा व्यवस्थापन गर्ने गरेको पाइयो ।

**चित्र नं ३.११ स्वास्थ्य संस्थाहरूको पानी र सरसफाइको अवस्था**




## ३.२.६ महिनावारी स्वच्छता व्यवस्थापन अवस्था

महिनावारी स्वच्छता व्यवस्थापनका सन्दर्भमा विद्यालय उमेरका किशोरी युवतीहरूमा स्यानिटरी प्याडको पहुंच तथा प्रयोगमा बृद्धि भइ राखेको भए पनि आम महिलाहरूले पुन:प्रयोग गर्न मिल्ने कपडाको प्रयोग गर्ने गरेका छन । प्रयोग भइसकेको स्यानिटरी प्याडको व्यवस्थापनको उचित प्रवन्ध भने भएको छैन ।

विद्यालयहरूका हकमा भने कुल सामुदायिक र संस्थागत गरि ६८ वटा विद्यालय मध्ये ३ वटा विद्यालयहरूमा मात्र स्यानिटरी प्याड व्यवस्थापनको सुविधा र स्यानिटरी प्याड उपलब्ध छ भने अन्य विद्यालयमा उपलब्ध छैन ।

### ३.२.७ महामारीको प्रकोप

जोरायल गाउँपालिकाका अनुसार विगत ५ वर्षमा जोरायल गाउँपालिकामा पानीजन्य रोगको महामारीको प्रकोप देखिएको छैन ।

## ३.३ खानेपानी गुणस्तर अवस्था

जोरायल गाउँपालिका क्षेत्र भित्र व्यवस्थित तवरले पानी परीक्षण गरिएको छैन तर तथ्याकं संकलनका लागि घरपरिवार सर्वेक्षणमा उपभोक्ताहरूसंग प्रयोग गरि राखेका खानेपानी पिउन योग्य छ कि छैन भनि प्रश्न गर्दा ६३.९२ प्रतिशत घरपरिवारहरूले पिउन योग्य छ भनेका छन्, २६.९९ प्रतिशत घरपरिवारले पिउन योग्य छैन र ९.०९ प्रतिशतले थाहा छैन भनेका छन् । यसरी यी तथ्यांकहरूलाई विश्लेषण गर्दा पानीको गुणस्तरको अवस्था सन्तोषजनक नरहेको देखिन्छ ।

### ३.४ विपद जोखिम तथा जलवायु परिवर्तन असर र स्थानीय अनुकूलनका प्रयासहरू

जोरायल गाउँपालिकामा वडास्तरमा जोखिम क्षमता विश्लेषण (Vulnerability Capacity Assesment) गरिएको थियो । सो सहभागितात्मक विश्लेषणबाट प्रमुख जोखिमको रूपमा पहिरो पहिचान भयो भने भूकम्प, खडेरी आदि प्रकोपहरू अन्य जोखिमको रूपमा आएका छ । खानेपानी, सरसफाइ र स्वच्छताका क्षेत्रमा त्यस्ता विपदहरूले गम्भिर असर पार्ने गरेका छन । भौतिक रूपमा खोलाहरूको बाढी पहिरोले पाइपलाइनलाई प्रत्यक्षरूपमा क्षति पुऱ्याइ रहेको छ भने बाढिका बेलामा खानेपानीको शुद्धता र सहज शौचालयको प्रयोगमा गम्भिर असर पर्ने गरेको छ ।

**तालिका ३.१० पालिका तहमा प्रकोप स्तरिकरण (जोडी तुलना विधि )**

| प्रकोप | बाढी | पहिरो | आगलागि | चट्यांग | जनावर आतंक | हावाहुरी |
|---|---|---|---|---|---|---|
| बाढी | x | बाढी | बाढी | बाढी | बाढी | बाढी |
| पहिरो | x | x | पहिरो | पहिरो | पहिरो | पहिरो |
| आगलागि | x | x | x | आगलागि | आगलागि | आगलागि |
| चट्यांग | x | x | x | x | चट्यांग | चट्यांग |
| जनावर आतंक | x | x | x | x | x | जनावर आतंक |
| हावाहुरी | x | x | x | x | x | x |
| जम्मा | ५ | ४ | ३ | २ | १ | ० |
| स्तर | १ | २ | ३ | ४ | ५ | ६ |

समग्र पहाडी क्षेत्रमा जस्तै यस क्षेत्रमा पनि जलवायु परिवर्तनको असरहरू देखिन थालेको बताइन्छ । प्रमुख रूपमा खानेपानीको प्रमुख श्रोतको रूपमा रहेको मूलको पानीको उपलब्धता घटेको र अति बृष्टि अनाबृष्टिको कारणले बाढि पहिरोका साथै खडेरी जस्ता समस्याहरू क्रमश बढेका छन । जलवायु अनुकूलनका लागि योजनाबद्ध तवरबाट कुनै पनि कार्यक्रमको शुरूवात भएको पाइएको छैन भने बन बिनासको क्रम पनि रोकिएको छैन ।

## ३.५ योजना कार्यान्वयनमा जनताको चासो र योगदानका लागि तत्परता

जोरायल गाउँपालिका खुला दिसा मुक्त अभियान देखिनै जनतामा खानेपानी, सरसफाइ र स्वच्छताका सम्वन्धमा बढेको चासो स्थानीय सरकारको बहाली पश्चात चासो संगै अपेक्षा पनि झनै बढेको छ । स्थानीय स्तरमा नै योजनाहरू संचालनका लागि

जनश्रमदानमा समुदायको तत्परता देखिएको छ । यो समय खानेपानी, सरसफाइ तथा स्वच्छता अभियानलाई परिणाममुखी बनाउने उपयुक्त समय हो ।

## ३.६ पूर्ण सरसफाइ तर्फको समग्र अवस्था

यस गाउँपालिका खुला दिसा मुक्त घोषणा पश्चात पूर्ण सरसफाइको दिशामा सो अभियानले निरन्तरता पाउन सकेन र गाउँपालिका स्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समिति निस्कृय देखिएको छ । गाउँपालिकाले पनि वडा नं १ मा पूर्ण सरसफाइ कार्यक्रमका लागि प्रयास गरेको छ र सो कार्यक्रमका सकरात्मक परिणाम आउन बांकी नै रहेको छ । खानेपानी र सरसफाइका क्षेत्रमा फण्डबोर्ड, फिनल्याण्ड र नेपाल सरकारको संयुक्त परियोजना RVWRMP III, युनिसेफले जस्ता विकास साझेदारहरू पनि संलग्न भइ कार्यक्रमहरू संचालनमा आउने क्रममा छ । समग्रमा यस गाउँपालिकामा पूर्णसरसफाइको अवस्था सकरात्मकता तर्फ अगाडी बढिरहेका देखिन्छ ।

**तालिका ३.११ पूर्ण सरसफाइका सुचक र विद्यमान अवस्था**

| क स | पूर्ण सरसफाइका सुचकहरू | विद्यमान अवस्था | कैफियत |
|---|---|---|---|
| १ | **योजना तर्जुमा तथा व्यवस्थापन**<br>• समन्वय समिति सकृय भएको<br>• वास प्लान तयार भएको<br>• क्षमता विकासका लागि तालिमहरू संचालन गरिएको | • गाउँपालिका स्तरीय वास समन्वय समिति गठन भएको<br>• वास प्लान तयारीको क्रममा रहेको<br>• क्षमता विकासका लागि खानेपानी र सरसफाइ सम्बन्धी तालिमहरू भएका | |
| २ | **चर्पीको समुचित प्रयोगको अवस्था**<br>• प्रत्येक घरधुरी, संघ संस्था र आवश्यकता अनुसार सार्वजनिक स्थानहरूमा चर्पी निर्माण भइ प्रयोग भएको<br>• साबुन पानीको सुविधा सहितको सुरक्षित र सफा चर्पी रहेको<br>• खुला ठाउँमा दिसा नभेटिएको<br>• संघ सस्था र सार्वजनिक शौचालयहरू प्रयोगकर्तामैत्री भएको | • ९६.८८ प्रतिशत घरधुरीमा, ९३.७५ प्रतिशत विद्यालयहरूमा, ९० प्रतिशत स्वास्थ्य संस्थाहरूमा र १०० प्रतिशत कार्यालयहरूमा चर्पी प्रयोग भइ रहेको र ६ वटा स्थानमा सार्वजनिक शौचालय रहि ५ वटा प्रयोगमा रहेका छन ।<br>• ३२.३६ प्रतिशत घरधुरी, मा ३६.३६ प्रतिशत विद्यालयहरूमा, ३३.३३ प्रतिशत सार्वजनिक शौचालयहरूमा, ५५.५५ प्रतिशत शौचालय भएका स्वास्थ्य संस्थाहरूका शौचालयहरूमा हातधुने सुविधा छ ।<br>• शौचालय भएका विद्यालयहरू मध्ये ७८.६७ प्रतिशत लैङ्गिकमैत्री र १४.५१ प्रतिशत अपाङ्गमैत्री, स्वास्थ्य संस्थाहरू मध्ये ३३.३३ प्रतिशत लैङ्गिकमैत्री र ४४.४४ प्रतिशत अपाङ्गमैत्री र सार्वजनिक शौचालयहरू १०० प्रतिशत लैङ्गिकमैत्री र १६.६६ प्रतिशत अपाङ्गमैत्री शौचालयहरू रहेका छन । | |

| | | | |
|---|---|---|---|
| ३ | **व्यक्तिगत सरसफाइ**<br>● प्रत्येक घरले उपयुक्त स्थानमा साबुन पानी सहितको हातधुने स्थान बनाएको<br>● घर, विद्यालय, स्वास्थ्य संस्था, कार्यालयहरूमा साबुन पानीले हात धुने सुविधा<br>● घर, विद्यालय, स्वास्थ्य संस्था, कार्यालयहरूमा साबुन पानीले हात धुने, महिनावारी व्यवस्थापन लगायतका व्यक्तिगत सरसफाइ सम्बन्धी ज्ञान र अभ्यास भएको<br>● व्यक्तिगत सरसफाइमा ध्यान पुर्‍याएको | ● ३२.३६ प्रतिशत घरधुरीमा साबुनपानी सहितको हात धुने सुविधा छ ।<br>● ३६.३६ प्रतिशत विद्यालय, ५५.५५ प्रतिशत स्वास्थ्य संस्था र ३३.३३ प्रतिशत सार्वजनिक शौचालयमा साबुन सहितको हात धुने सुविधा छ । | |
| ४ | **सुरक्षित पानीमा पहुँच तथा प्रयोग**<br>● आधारभूत स्तरकोपानीमा सबैको पहुंच भएको<br>● खानेपानी प्रणालीबाट सुरक्षित खानेपानी नभएको अवस्थामा घरायसी, विद्यालय, संघ संस्थामा पानीको शुद्धिकरणका कुनै एक विधिको प्रयोग गरेर मात्र पानी पिउने गरेका<br>● घरेलु पानी शुद्धिकरणका आवश्यक सामाग्रीहरू स्थानीय बजारमा उपलब्ध भएको | ● खानेपानी योजनाहरूको Inventory प्रतिवेदन अनुसार ४७.०१ प्रतिशत घरहरू र ६०.६० प्रतिशत जनसंख्या खानेपानीको पाइप प्रणालीको पानीमा पहुँच पुगेको छ ।<br>● खानेपानीको शुद्धिकरण गर्ने सम्वन्धमा घरायसी तहमा ९.९७ प्रतिशत घरधुरीले संधै शुद्धिकरण गर्ने गरेका, ४२.५४ प्रतिशत घरधुरीले कहिलेकांही गर्ने गरेका, ४७.५८ प्रतिशत घरधुरीले कहिले पनि शुद्धिकरण गर्ने गरेका छैनन ।<br>● खानेपानीको शुद्धिकरण गर्ने सम्वन्धमा विद्यालयमा तहमा ३७.२५७ प्रतिशत विद्यालयहरूले शुद्धिकरण गर्ने गरेका, ११.७६ प्रतिशत विद्यालयहरूले कहिलेकांही गर्ने गरेका, ५०.९८ प्रतिशत विद्यालयहरूले कहिले पनि शुद्धिकरण गर्ने गरेका छैनन ।<br>● खानेपानीको शुद्धिकरणका सम्वन्धमा स्वास्थ्य संस्थाहरूको तहमा ७१.४३ प्रतिशत स्वास्थ्य संस्थाहरूले शुद्धिकरण गर्ने गरेका, २८.५७ प्रतिशत स्वास्थ्य संस्थाहरूले कहिलेकांही गर्ने गरेका छन । | |
| ५ | **स्वच्छ र सुरक्षित खानाको प्रयोग**<br>● घरको भान्सा, होटल तथा रेष्टुराहरू सफा रहेको र वासी तथा सडेगलेको खाना नखाने / नबेच्ने<br>● खाना पकाउने र खाने भाँडा सफा हुनुका साथै खानेकुरा र पिउने पानी छोपेर राखेको<br>● फलफुल तथा खानेकुराहरू राम्रो संग सफा गरेर एबं पकाएर, तताएर खाने खुवाउने गरेको<br>● सुरक्षित खानाको लागी कार्यदल गठन गरि कम्तिमा चौमासिक रूपमा अनुगमन हुने गरेको | ● यि सुचकहरूमा वास योजना प्रक्रियाका क्रममा सूचना नलिइएको | |

| | | | |
|---|---|---|---|
| ६ | **घरायसी एवं संस्थागत सरसफाइ**<br>● घर, विद्यालय, संघ संस्था भित्र तथा बाहिर सफा रहेको<br>● विद्यालय, संघ संस्था तथा सार्वजनिक शौचालयहरूमा महिनावारीमा प्रयोग गरिएका स्यानिटरी प्याड वा अन्य साधनहरूको सफाइ एवं विसर्जन गर्ने वैज्ञानिक व्यवस्था भएको<br>● घर, आंगन एवं विद्यालय, संघ संस्थाबाट निस्कने फोहोरलाई कुहिने र नकुहिने वर्गिकरण गरि ति फोहोरको समुचित व्यवस्थापन गरेको<br>● घर, आंगन एवं विद्यालय, संघ संस्थाबाट निस्कने फोहोरपानीको सुरक्षित निस्कासन भएको<br>● अस्पताल, उद्योग, कलकारखानाबाट निस्केको फोहोरको सुरक्षित संकलन, निस्कासन तथा विसर्जन सोहि संस्थाले गर्ने गरेको<br>● उपयुक्त तरिकाले पशुपंक्षिको गोठ तथा खोर र मलमुत्र व्यवस्थापन गर्ने गरेको<br>● भान्सा कोठामा हावा ओहोरदोहोर हुने उचित व्यवस्था तथा धुवा रहित चुल्होको प्रयोग भएको | ● घरायसी तहमा ४५.०१ प्रतिशत घरपरिवारले कुहिने र नकुहिने फोहोर छुट्याउने गरेका छन र फोहोर व्यवस्थापनका लागि बैज्ञानिक व्यवस्था छैन ।<br>● घर, आंगन एवं विद्यालय, संघ संस्थाबाट निस्कने फोहोरपानीको सुरक्षित निस्कासनको व्यवस्थापन हुन सकेको छैन ।<br>● अस्पताल, उद्योग, कलकारखानाबाट निस्केको फोहोरको सुरक्षित संकलन, निस्कासन तथा विसर्जन सोहि संस्थाले गर्ने गरेका छैनन ।<br>● गोठ सुधारका कार्यक्रम परम्परागत तवरले नै गर्ने गरेका छन । | |
| ७ | **वातावरणीय सरसफाइ**<br>● गाउँ टोल, नगर एवं चौतार आदि सार्वजनिक स्थानहरूको सरसफाइको लागि सरसफाइ समिति गठन भएको<br>● घरायसी तथा संस्थागत तहमा ठोस तथा तरल फोहोर व्यवस्थापनको आवस्यकता अनुसार उपयुक्त प्रविधिको भएको<br>● मानव मलमुत्रको व्यवस्थापनका हकमा व्यवस्थित सेप्टिक ट्याङ्कीमा जोडिएको, पक्कि वाटरसिल चर्पी लगायत अन्य उपयुक्त प्रविधिको प्रयोग भएको<br>● नगर वा नगरोन्मुख क्षेत्रमा ठोस फोहोरमैला व्यवस्थापनका लागि स्यानिटरी ल्याण्डफिल साइटको पहिचान गरी निर्माणको योजना तर्जुमा भएको<br>● व्यवस्थित ढल प्रणाली (मानव मुत्रीय फोहोर व्यवस्थापन वा वैज्ञानिक फोहोरपानी प्रशोधन प्रणाली योजना तर्जुमा भएको | ● ठोस तथा तरल फोहोर व्यवस्थापनको वैज्ञानिक ढल निकास तथा ल्याण्डफिल साइटको निर्माण गरिएको छैन । | |

# अध्याय-४

# खानेपानी, सरसफाइ तथा स्वच्छता लक्ष्य र रणनीति

## ४.१ खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाको सोच, परिलक्ष्य तथा लक्ष्य

खानेपानी तथा सरसफाइ मानव जातिकैअस्तित्वका लागि अत्यावश्यकिय तत्वहरू हुन । पानी विनाको मानव जिवनको कल्पना समेत गर्न सकिदैंन । तसर्थ मानवमात्रका लागि पनि खानेपानी र सरसफाइको सुरक्षित र सहज उपलब्धता नै प्रमुख लक्ष्य रहंदै आएको छ । यस्तैमा जोरायल गाउँपालिकाले तयार गरेको यो वास योजनाको सोच र परिलक्ष्यहरू तपसिलका रहेका छन ।

**दूरदृष्टि (सोच)** यस गाउँपालिकामा बसोबास गर्ने सबैका लागि सुरक्षित, पर्याप्त, सर्वशुलभ, स्विकार्य र किफायति खानेपानी तथा सरसफाइका सेवाहरू मार्फत जनस्वास्थ्य र जिवनस्तरमा सुधार ल्याउने

**परिलक्ष्य (ध्येय)** यस गाउँपालिकामा पारदर्शी, प्रविधिमैत्री, प्रयोगकर्तामैत्री खानेपानी, सरसफाइ र स्वच्छताका कार्यक्रमहरू संचालन गरि सन २०३० सम्ममा उच्च स्तरको वास सेवा प्रदान गर्ने ।

माथि उल्लेखित दूरदृष्टि र परिलक्ष्य प्राप्त गर्न गाउँपालिकाले नेपालको सम्विधान २०७२ र स्थानिय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरि विभिन्न नीति तथा नियमहरू बनाएर अगाडि बढने छ ।

## ४.२ खानेपानी, सरसफाइ र स्वच्छताका लक्ष्य

यस गाउँपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छताका क्षेत्रमा आगामी १० वर्षका लागि तपशिलका लक्ष्यहरू तथा नतिजाहरू तय गरेको छ ।

### ४.२.१ खानेपानी (निर्माण, मर्मत, स्तरोन्नति र गुणस्तर)

खानेपानीका क्षेत्रमा आगामी १० वर्ष भित्रमा जोरायल गाउँपालिका भरिका सम्पूर्ण नागरिकहरूलाई सुरक्षित खानेपानीको पहुँच पुऱ्याउने यो वास योजनाको लक्ष्य रहेको छ ।

**अपेक्षित उपलब्धिहरू**

उपलब्धि नं. १ सम्पूर्ण जोरायल गाउँपालिकावासीहरूलाई सुरक्षित खानेपानीको महत्व वारेमा जानकारी भै पानीको उपभोगमा सर्तकता अपनाएका हुनेछन्

उपलब्धि नं. २ जोरायल गाउँपालिकामा विभिन्न निकायहरूबाट निर्माण भै सञ्चालनमा रहेका खानेपानी आयोजनाहरूको मर्मत संभार तथा सुधार विस्तार भएको हुनेछ ।

उपलब्धि नं. ३ हाल सम्म खानेपानी आायोजनाहरू नपरेका क्षेत्रहरूमा प्राथमिकता दिई नयाँ (लघु) आयोजनाहरू निर्माण गरिनेछ ।

उपलब्धि नं. ४ श्रोत संरक्षणका कार्यक्रमहरूलाई जलवायु परिवर्तन एवं जलाधार संरक्षणका क्षेत्रका कार्यक्रमहरू सँग एकीकृत गरी सञ्चालन गरिनेछ ।

उपलब्धि नं. ५ निर्माणाधिन तथा अब बन्ने ठूला प्रकृतिका नर्या आयोजनाहरूमा पानी प्रशोधन प्रणाली सहित निजि धारा वितरण गर्ने गरी आबश्यक संरचनाहरू निर्माण गरिनेछ ।

उपलब्धि नं. ६ खानेपानी योजना उपभोक्ता समितिहरूको संस्थागत क्षमता अभिबृद्धि भई खानेपानी योजनाको सुचारूपन पनि कायम हुनेछ ।

### ४.२.२ पूर्ण सरसफाइ उन्मुख समुदाय

गाउँपालिकामा अहिले पनि करिब ३.१२ प्रतिशत घरहरू शौचालयको सुविधाबाट बन्चित र १६.७६ प्रतिशत घरहरूमा कच्चि शौचालय रहेको अवस्थामा व्यापक सुधार गरी पूर्ण सरसफाइ अभियानको अवस्थामा पुग्नु धेरै चुनौती छ । गाउँपालिका क्षेत्रमा ३२.३६ प्रतिशत भन्दा बढी घरहरूमा मात्र हात धुने सुबिधाको ब्यबस्था छ । प्रभावकारी अनुगमन प्रणाली क्रियाशिल बनाउन सकिएको छैन । मानिसहरूको सरसफाइ सम्बन्धी आनीबानीमा ठूलो परिवर्तन ल्याउन आवश्यक छ । ठोस तथा तरल फोहोर ब्यबस्थापन गाउँपालिका तहमा नै राम्रो छैन । विशेष गरी गाउँपालिकाको ठोस तथा तरल फोहोरको ब्यबस्थापन नरहे पनि समुदायमा खानेपानी र सरसफाइ सम्बन्धी चेतनाको स्तर भने निकै उच्च रहेकोछ पाइएको छ ।

**अपेक्षित उपलब्धिहरू**

उपलब्धि नं. १ समुदायका सबै घर परिवारमा पक्की शौचालयको स्तरोन्नति गरी पूर्णरूपमा प्रयोग गरेका हुनेछन् ।

उपलब्धि नं. २ खुल्ला रूपमा फोहोर फाल्ने प्रबृतिको न्युनिकरण भइ कम्तिमा एउटा व्यवस्थित ल्याण्डफिल साइटको निर्माण हुनेछ ।

उपलब्धि नं ३ गाउँपालिका भरी आवश्यक स्थानमा सार्वजनिक शौचालयहरू निर्माण भइ व्यवस्थित रूपमा संचालनमा आउने छन ।

उपलब्धि नं ४ समुदायका कम्तिमा सवै घरपरिवारको शौचालयको मानवजन्य लेदो व्यवस्थापन भएको हुनेछ ।

उपलब्धि नं ५ समुदायका सम्पूर्ण व्यक्तिहरूले जोखिमपूर्ण अवस्थामा साबुन पानीले हात धोएका हुने छन

उपलब्धि नं ६ समुदायका सम्पूर्ण महिलाहरूले महिनावारी स्वच्छताको महत्व जानकारी पाउने छन ।

### ४.२.३ विद्यालय पूर्ण सरसफाइ

आगामी १० वर्ष भित्रमा जोरायल गाउँपाालिकामा रहेका सम्पूर्ण सामुदायिक विद्यालय, कलेज, प्राविधिक विद्यालयहरूमा सुरक्षित खानेपानी र प्रयोगकर्तामैत्री शौचालयहरू निर्माण गरि सम्पूर्ण शैक्षिक संस्थाहरूलाई पूर्ण सरसफाइ उन्मुख विद्यालय घोषणा हुनेछ ।

**अपेक्षित उपलब्धिहरू**

उपलब्धि नं. १ सबै सामुदायिक र संस्थागत विद्यालयहरूमा बाल, अपाङ्ग र लैंगिकमैत्री शौचालय निर्माण भइ प्रयोगमा आएका हुनेछन ।

उपलब्धि नं. २ सबै सामुदायिक र संस्थागत विद्यालयहरू, सबै प्रकारका क्याम्पस एवं कलेजहरू, प्राविधिक शिक्षालयहरूमा सुरक्षित खानेपानीको ब्यबस्था हुनेछ भने शौचालयहरू नियमित सरसफाइ गरी प्रयोग योग्य हुनेछ ।

उपलब्धि नं. ३ सम्पूर्ण बिद्यालयहरू पूर्णसरसफाइ क्षेत्रको रूपमा विकसित भएको हुनेछ ।

### ४.२.४ कार्यालय र स्वास्थ्य संस्थाहरूमा खानेपानी र सरसफाइ

आगामी पांच वर्षमा यस गाउँपालिका भरिका सबै सरकारी, गैर सरकारी र निजि क्षेत्रका कार्यालयहरूमा सुरक्षित खानेपानी र स्वच्छ शौचालयको व्यवस्था हुनेछ ।

**अपेक्षित उपलब्धिहरू**

उपलब्धि नं. १ पांच बर्षभित्र सम्पूर्ण कार्यालयहरूमा प्रयोगकर्तामैत्री शौचालय, खानेपानी र हात धुने ब्यवस्था भएको हुनेछ ।

उपलब्धि नं. २ सबै कार्यालयहरूमा आआफ्नो कार्यालयको ब्यवस्थापनका साथै रंगरोगन र बगैचा ब्यवस्थित भएको हुनेछ ।

उपलब्धि नं. ३ सम्पूर्ण कर्मचारीहरूको सरसफाइ सम्बन्धि ब्यवहारमा परिवर्तन आएको हुनेछ

### ४.२.५ ठोस तथा तरल फोहोर व्यवस्थापन

आगामी दस वर्षमा यस गाउँपालिका भरिका बजार क्षेत्र (बुडर र रावतकट्टे) मा ठोस तथा तरल फोहोर व्यवस्थापन प्रणाली स्थापना भइसकेको हुनेछ तथा सबै स्थानका महिलाहरू महिनावारी स्वच्छता प्रवर्द्धनका विषयमा जानकार भइ व्यवहार परिवर्तन भएको हुने छ ।

**अपेक्षित उपलब्धिहरू**

उपलब्धि नं. १. दस बर्षभित्र सम्पूर्ण बजार क्षेत्र (बुडर र रावतकट्टे) मा फोहोरको वर्गिकरण गरि फोहोर संकलन तथा व्यवस्थापनका लागि ल्याण्डफील साइट निर्माण तथा परिचालन भएको हुनेछ ।

उपलब्धि नं २. दस बर्षभित्र सम्पूर्ण बजार क्षेत्र (बुडर र रावतकट्टे)मा ढलहरू निर्माण हुने र ढलको व्यवस्थापनका लागि ढल प्रशोधन इकाइहरू बनाएर परिचालन भएको हुनेछ ।

उपलब्धि नं ३ दस बर्ष भित्रमा समुदायमा स्वास्थ्य कार्यकर्ताहरूको परिचालनबाट महिनावारी स्वच्छता प्रवर्द्धनका अभियानहरू संचालन गरि कम्तिमा ५० प्रतिशत महिनावारी भएका महिलाहरूले सुरक्षित स्यानिटरी प्याडको प्रयोग गरेका हुने छन र बांकी ५० प्रतिशतले पनि सफा कपडाको प्रयोग गर्ने र सरसफाइमा विशेष ध्यान पुऱ्याएका हुने छन ।

## ४.३ राष्ट्रिय लक्ष्य, अवधि र रणनीति (क्षेत्रगत सुधार योजना) संगको मिलान

यस जोरायल गाउँपालिका वास योजनाले नेपाल सरकार, खानेपानी तथा ढल व्यवस्थापन विभाग**द्वारा तया**र पारिएको क्षेत्रगत विकास योजना (Secetor Development Plan) २०१६ (ड्राफ्ट) का सिद्धान्त, लक्ष्य तथा रणनीतिहरूलाई अंगिकार गरेको छ । त्यसैले यसमा प्रस्ताव गरिएका खानेपानी तथा सरसफाइका योजनाहरूको निर्माण नेपाल सरकारको क्षेत्रगत विकास योजनामा परिलक्षित गरेको अवधि लक्ष्य र सिद्धान्तमा समेत तादात्म्यता मिलाई सोहि बमोजिम कार्ययोजनाहरू तय गरी कार्यान्वयनमा गर्दै जाने लक्ष्य लिएको छ । सोहि क्षेत्रगत विकास योजनाले परिभाषित गरेको ५० प्रतिशल जनताले उच्च स्तरको खानेपानी सेवा र बांकी ५० प्रतिशत जनताहरूले मध्यम स्तरको खानेपानी सेवा सन २०३० सम्म प्राप्त हुने गरि योजना तर्जुमा गरी कार्यान्वयन गरिने छ ।

**तलिका नं . ४.१ : क्षेत्रगत सुधार योजनाको अवधि र लक्ष्यहरू**

| अवधि | लक्ष्यहरू |
|---|---|
| तात्कालिन चरण (सन २०१६ देखि २०२०) | • सवै घरधुरीको आधारभूत वास सेवामा पँहुच<br>• वास सेवाको स्तरमा सुधार (मध्यम २५% र उच्च १५% जनसंख्या) |
| मध्यकालिन चरण (सन २०२१ देखि २०२५) | • वास सेवाको स्तरमा सुधार (मध्यम ४०% र उच्च ३०% जनसंख्या)<br>• कार्यक्षमता र दिगोपनामा सुधार |
| दिर्घकालिन चरण (सन २०२६ देखि २०३०) | • वास सेवाको स्तरमा सुधार (मध्यम ५०% र उच्च ५०% जनसंख्या)<br>• प्रभावकारिता मुल्याङ्कन |

**तालिका नं ४.२. खानेपानी सेवा स्तरको वर्गिकरण**

| परिमितिहरू | | सेवाको स्तर | | | |
|---|---|---|---|---|---|
| | | निम्न | आधारभूत | मध्यम | उच्च |
| आवश्यकता | परिमाण (एल पि सि डी) | २५-४५ | ४५-६५ | ६५-१०० | १००-१५० |
| | स्वच्छता | नभएको | पिउन र खाना बनाउन पुग्ने नुहाउन, धुन अपुग | पिउन र खाना बनाउन नुहाउन, धुन पुग्ने | सबै आवश्यकता पुरा |
| गुणस्तर | | पिउन योग्य | राष्ट्रिय गुणस्तर मापदण्ड पुरा | राष्ट्रिय गुणस्तर मापदण्ड पुरा | राष्ट्रिय गुणस्तर मापदण्ड पुरा |
| शुलभ पहुँच | | २५% भन्दा कमले निजि धारा जडान | २५% भन्दा बढिले निजि धारा जडान गरेको | १००% उपभोक्ताले निजि धारा जडान गरेको | १००% उपभोक्ताले निजि धारा जडान गरेको |
| विश्वसनियता निरन्तरता | वितरण अवधि घण्टा/दिन | | ८ घण्टा | १२ घण्टा | २४ घण्टा |
| | | एक महिनामा १ पटकसम्म सेवा अवरूद्ध | तिन महिनामा १ पटकसम्म सेवा अवरूद्ध | बाह्र महिनामा १ पटकसम्म सेवा अवरूद्ध | |
| सेवा सुचारूपन | | | अबरूद्ध सेवा २ दिन भित्र सुचारू हुने | अबरूद्ध सेवा १ दिन भित्र सुचारू | अबरूद्ध सेवा १ दिन भित्र सुचारू |
| अधिक माग धान्ने क्षमता | | | | अचानक १०% अधिक माग धान्ने | अचानक १०% अधिक माग धान्ने |
| सेवा सन्तुष्टि स्तर | | नगरेको | नगरेको | ७५% | ९०% |

## ४.४ खानेपानी योजनाहरूको सेवा स्तर र सुविधामा पहुँच

सवै वडाहरूमा घरधुरी, सार्वजनिक स्थल, विद्यालयहरू र संस्थाहरूको सर्वेक्षण पश्चात वडा वास प्लान कार्यदलको संलग्नतामा वडास्तरका नक्शा तथा प्राथमिकताका योजना तथा कार्यक्रमहरू टिपोट गरि वडा वास समन्वय समितिको सिफारिस सहित गाउँपालिका तहको वास प्लान कार्यदलले अध्ययन, तथ्याङ्क विश्लेषण पश्चात निर्णयको लागि पेश गरेको मस्यौदा प्रतिवेदनको आधारमा आवश्यक परिमार्जन गरी यस जोरायल गाउँपालिका वास योजना तयारी गोष्ठीको निर्णय बमोजिम गाउँ कार्यपालिकाले अनुमोदन गरी वास प्लान तयार गरिएको छ ।

यसमा आगामी आयोजना र कार्यक्रमहरू प्राथमिकताक्रम तोकेर समाबेस भएका छन ।

**आधारभूत खानेपानीको सुविधामा पहुँच**
आगामी आ व २०७६/७७ भित्रमा गाउँपालिका भरिका सबै घरमा आधारभूत स्तरको खानेपानी सुविधा पुऱ्याउने लक्ष्य लिइएको छ ।

**मध्यम स्तरको खानेपानीको सुविधामा पहुँच**
आगामी आ व २०७८/७९ भित्रमा गाउँपालिका भरिका सबै घरमा आधारभूत स्तरको खानेपानी सुविधा मा स्तर बृद्धि गरि मध्यम स्तरको खानेपानी सुविधा पुऱ्याउने लक्ष्य लिइएको छ ।

**उच्च स्तरको खानेपानीको सुविधामा पहुँच**
आगामी आ व २०८५/८६ सम्ममा गाउँपालिका भरिका ५० प्रतिशत घर परिवारमा उच्च स्तरको खानेपानी सुविधा पुऱ्याउने लक्ष्य लिइएको छ ।

## ४.५ सरसफाइ तथा स्वच्छता लक्ष्य

यो जोरायल गाउँपालिका वास योजनाले सन २०३० सम्ममा सम्पूर्ण गाउँपालिकालाई पूर्ण सरसफाइ उन्मुख गाउँपालिकाको स्तरमा पुऱ्याउने लक्ष्य लिइएको छ । यसको लागि तपसिलका आवधिक योजनाहरू तय गरिएको छ ।

**पहिलो चरणः** यस चरणमा सन २०२२ सम्ममा एकवटा वडालाई पूर्ण सरसफाइ उन्मुख वडा घोषणा गर्ने लक्ष्य लिइएको छ ।

**दोश्रो चरणः** यसचरणमा सन २०२५ सम्ममा थप २ वटा वडालाई पूर्ण सरसफाइ उन्मुख वडा घोषणा गर्ने लक्ष्य लिइएको छ ।

**तेश्रो चरणः** यसचरणमा सन २०३० सम्ममा थप ३ वटा वडालाई पूर्ण सरसफाइ उन्मुख वडा घोषणा गर्ने लक्ष्य लिइएको छ । सम्पूर्ण वडामा ठोस तथा तरल फोहोर व्यवस्थापन प्रणालीको व्यवस्था गरिने लक्ष्य लिइएको छ । सम्पूर्ण विद्यालय, सार्वजनिक स्थान तथा स्वास्थ्य र संघ संस्थाहरूमा महिलामैत्रि, अपाङ्गमैत्रि तथा बालमैत्रि शौचालयहरूको व्यवस्था गरिने छ ।

## ४.६ खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यान्वयन रणनीति

गाउँपालिका द्वारा तय गरिएका खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) सम्बन्धी लक्ष्य पुरा गर्न गाउँपालिका क्षेत्रमा भएका सरोकारवालाहरूको छरिएका प्रयासहरूलाई एकीकृत गर्नु नै यस योजनाको प्रमुख रणनीति हुनेछ । तसर्थ गाउँपालिका क्षेत्रमा कार्यरत सम्पूर्ण सरोकारवालाहरूले आफ्नो कार्यक्रमको योजना तथा कार्यान्वयनका लागि तपसिलका रणनीतिहरू अवलम्वन गर्ने छन् ।

- गाउँपालिकाका हाल सम्म पनि सुरक्षित खानेपानीको पहुँच नपुगेका समुदायलाई सुरक्षित खानेपानीको सेवा उपलब्ध गराउने ।
- गाउँपालिकाले खानेपानी तथा सरसफाइका क्षेत्रमा तय गरेको लक्ष्य प्राप्त गर्नका लागि अपुग रकम व्यवस्थापनका लागि अन्य निकायहरू संग समन्वयकारी भूमिका निर्वाह गर्ने ।
- वडाहरूले आफ्नो वार्षिक बजेट तय गर्दा खानेपानी तथा सरसफाइका क्षेत्रमा कम्तिमा पनि विकास खर्चको १० प्रतिशत रकम विनियोजन गर्ने निति कार्यान्वयन गरिने छ । तर योजनाहरूको मागका आधारमा रकम बढि पनि विनियोजन गर्न सकिने छ ।
- विद्यालय, सरकारी कार्यालय तथा संघसंस्था, राजनीतिक दलको कार्यालयमा बालमैत्री, लैंगिक तथा अपांग मैत्री चर्पी निर्माण तथा प्रयोगको सुनिश्चतता गरीनेछ ।
- सम्पूर्ण विद्यालयहरूमा अनिवार्य रूपमा यूरिनल सहितका शौचालय निर्माण गरिनेछ । माध्यामिक तहका बिद्यालयहरूमा महिनावारी स्वच्छता सामग्री र व्यवस्थापन समेतको सुबिधा सुनिश्चित गराउने ।
- सबै घरधुरीमा चर्पी एवं संस्थागत निकाय र आवश्यकता अनुसार सार्वजनिक स्थानमा शौचालयहरूको निर्माण गरी चर्पीमा सबैको पहुँच र साबुन पानी सहितको प्रयोगको सुनिश्चितता गरिने छ ।
- घरायसी चर्पी निर्माणको लागि सम्बन्धीत घरपरिवारलाई नै जिम्मेवार बनाईने छ ।
- सार्वजनिक शौचालय सन्चालनका सम्वन्धमा परम्परागत रूपको सशुल्क विधिमा पुनर्विचार गरि विभिन्न आय आर्जनका गतिविधिहरू संग जोडिने छ जस्तै पसल चलाउने वा गोवार ग्याँसमा जडान गर्ने आदि
- समुदायमा गोवरग्याँस, सुधारीएको चुल्हो, करेसाबारी, कम्पोष्ट पिट, जुठेल्नो, चाङ्ग (भाडा सुकाउने ठाउँ), खोर, भकारो आदिको निर्माण तथा प्रयोग, सम्पूर्ण घरपरीवारहरूमा प्रोत्साहित गराउने ।
- प्रत्येक वडाको कार्ययोजनामा जलवायु परिवर्तनको प्रभाव, विपत न्यूनीकरण क्रियाकलाप तथा महिनावारी व्यवस्थापन सम्बन्धी मुद्दाहरूलाई सम्बोधन गरिनेछ ।
- सरोकारवाला तथा निकायहरूले गाउँपालिका स्तरीय खानेपानी सरसफाइ स्वच्छता रणनीतिसँग मेल हुने गरी आफ्ना

कार्ययोजना तथा क्रियाकलाप तर्जुमा गर्नु पर्नेछ ।

- जलवायु परिवर्तनका असरहरू कम गर्न जलवाय अनुकूलन योजनालाई विशेष प्राथमिकतामा राखी कार्यान्वयन गरिने छ ।
- नंया निर्माण हुने खानेपानी योजनाहरूमा खानेपानी सुरक्षा योजना लागु गरिने छ तथा चालु योजनाहरूमा पनि खानेपानी सुरक्षा योजना वा व्यवस्थित मर्मत योजना बनाइ लागु गरिने छ ।
- कार्ययोजनाले तय गरेका खानेपानी तथा सरसफाइका क्षेत्रको कार्ययोजना अनुसरका योजनाहरू कार्यान्वयनका लागि गाउँपालिकामा खानेपानी तथा सरसफाइ शाखा गठन गरिने छ । उक्त शाखा अन्तर्गत एउटा सूचना केन्द्रको स्थापना गरिनेछ र सो सूचना केन्द्रमा सम्पूर्ण कार्यक्रम, सूचना तथा विवरणहरू अध्यावधिक गरिनेछ ।
- बजार र बजार उन्मुख क्षेत्रहरूमा उत्पन्न हुने ठोस फोहोरको वर्गिकरण तथा ब्यबस्थापनका लागी उचित स्थानमा ल्याण्डफिल साइट निर्माण गरीनेछ ।
- खानेपानी, सरसफाइ र स्वच्छता प्रवर्द्धनका लागि संरचनागत तथा सचेतनागत क्रियाकलापहरूको क्षमता अभिवृद्धि लागि प्राथमिकता दिइने छ ।
- खानेपानी तथा सरसफाइ सेवाको दिगोपनाका लागि निजि संस्थाहरूको संलग्नतालाई समेत प्रोत्साहन र वातावरण तयार गर्न गाउँपालिकाले भुमिका खेल्ने छ ।
- गाउँपालिकामा कम्तिमा पनि एक स्थानमा खानेपानी गुणस्तर मापन केन्द्र स्थापना गरिने छ ।
- गाउँपालिकामा खानेपानी तथा सरसफाइ कार्यक्रमका लागि एउटा छुट्टै कोषको स्थापना गरिने छ । जसको संचालन गाउँपालिका वास समन्वय समितिले गर्ने छ ।

## ४.७ पूर्ण सरसफाइ प्राप्ति लक्ष्य

जोरायल गाउँपालिकाभर हालमा पक्की चर्पी ८०.१२ प्रतिशत, कच्ची चर्पी १६.७६ प्रतिशत शौचालय र ३.१२ प्रतिशत घरधुरीमा चर्पी नै नरहेको अवस्था छ भने ३२.३६ प्रतिशत भन्दा बढी घरहरूमा मात्र हात धुने सुबिधा ब्यबस्था छ । गाउँपालिका खुला दिसा मुक्त घोषणा पछि सरसफाइको गतिविधि शुन्य प्राय रहेको छ । गाउँपालिका स्तरीय वास समन्वय समितिको पुनर्गठन भएको छैन, स्पष्ट कार्यविधि तथा रणनैतिक योजना छैन । प्रभावकारी अनुगमन प्रणाली क्रियाशिल बनाउन सकिएको छैन । मानिसहरूको सरसफाइ सम्बन्धी आनीबानीमा ठूलो परिवर्तन ल्याउन आवश्यक छ । ठोस फोहोर ब्यबस्थापन र तरल फोहोर व्यवस्थापन गर्न सकिएको छैन । समुदायमा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी चेतनाको स्तरमा विकास भएको छ । माथी उल्लेख भएका पूर्ण सरसफाइका सुचकहरूको अवस्था अनुगमन गरि विस्तृत कार्ययोजना सहितको कार्यक्रम सन्चालनका लागि गाउँपालिका स्तरीय वास समन्वय समितिको क्षमता अभिवृद्धि तथा उत्प्रेरित गरिने छ ।

## अध्याय-५

# कार्ययोजना तथा कार्यक्रमहरुको प्राथमिकीकरण

## ५.१ खानेपानी आयोजनाहरूको पहिचान

### ५.१.१ प्रस्तावित खानेपानी आयोजनाहरू

नयाँ खानेपानीहरू निर्माण गर्दा खेरि नेपाल सरकार खानेपानी मन्त्रालयद्वारा तय गरिएको एक घर एक धाराको निति लाइ अवलम्वन गरिनेछ र पानी शुद्धिकरणका लागि आवश्यक संरचनाहरू पनि निर्माण गरिने छ । नयाँ खानेपानी योजनाका लागि लागत अनुमान गर्दा हाल प्रचलनमा रहेको हिसाव रू १२,००० प्रति व्यक्तिको दरले प्रक्षेपण गरिएको छ तर भविष्यमा गरिने योजनामा जनसंख्या बृद्दि र प्रति व्यक्ति लागत समेत फरक पर्न अनुमानीत लागत बढन सक्नेछ । सबै योजनाहरूको विज्ञहरूको सहयोगमा विस्तृत सर्वेक्षण पश्चात मात्र वास्तविक अनुमानित लागत निस्कने छ । गाउँपालिका भरिका १३८९ घरपरिवार र ७९१५ जनसंख्यालाइ पुग्ने गरि २ वटा विद्यालय खानेपानी र १ वटा प्रहरी तालिम केन्द्र सहित ९४ खानेपानी योजनाहरू प्रस्ताव गरिएको छ । विज्ञहरूले योजनाको विस्तृत सर्वेक्षणका क्रममा केही योजनाहरू थप घट गरेर पनि लागत अध्ययन हुन सक्ने छ । योजनाहरूको विवरण अनुसचि ८.२ मा राखिएको छ ।

### ५.१.२ संचालित खानेपानी आयोजनाहरूको मर्मत सम्भार, पुननिर्माण, स्तरोन्नती

जोरायल गाउँपालिकामा संचालित खानेपानीहरूको मर्मत सम्भार, पुननिर्माण र स्तरोन्नतिका लागि NWASH Apps ले दिएको प्रतिबेदन अनुसार तपसिलको अवस्था र अनुमानित लागत लाग्ने देखिन्छ ।

**तालिका नं ५.१ मौजुदा खानेपानीको अवस्था**

| सि नं | योजनाको अवस्था | संख्या | जनसंख्या | संस्थागत सुधार | मर्मत लागत | सम्पूर्ण नयां निर्माण लागत | जम्मा लागत |
|---|---|---|---|---|---|---|---|
| १ | राम्रो | १ | १२ | २११,९००।३० | २११,९००।३० | ०।०० | २२९,५५८।६६ |
| २ | सामान्य मर्मत | २५ | २५६० | २३,५५९,४८२।५७ | २३,५५९,४८२।५७ | ०।०० | २४,७१०,४८४।२७ |
| ३ | ठुलो मर्मत | ९ | १५८८ | ५,७४४,४९५।६७ | ५,७४४,४९५।६७ | ०।०० | ६,९६४,३१३।२७ |
| ४ | पुननिर्माण | ७ | ६२८ | ७,६७३,५६२।०८ | ७,६७३,५६२।०८ | ०।०० | ८,४६५,२६७।०२ |
| ५ | नयां निमांण | ७३ | ७९३१ | ४८,७५४,२६२।५३ | ४८,७५४,२६२।५३ | ५८,३७५,८०० | १११,७९०,९०६।७५ |
| | | **१३६** | **१३१२३** | **८५,९४३,७०३।१५** | **८५,९४३,७०३।१५** | **५८,३७५,८००** | **१५२,११२,८७८।५०** |

### ५.१.३ खानेपानी सुरक्षा योजना, गुणस्तर पहिचान तथा गुणस्तर सुनिश्चितता

सम्पूर्ण निर्माण सम्पन्न भइ सकेका र निर्माणाधिनका अलावा प्रस्तावित खानेपानी योजनाहरूमा समेत खानेपानी सुरक्षा योजना लागु गरिने छ । सुरक्षा योजना कार्यान्वयनका लागि अति आवश्यक खानेपानी गुणस्तर परीक्षणका लागि गाउँपालिकाका कर्मचारीहरूलाई पानी गुणस्तर परीक्षण तालिममा सहभागी गराएर गाउँपालिकामा नै पानी परिक्षणको व्यवस्था मिलाइने छ । पानी परीक्षण पश्चात पानीको गुणस्तर कायम गर्न विभिन्न कार्यक्रमहरू सन्चालन गरिने छ साथै आवस्यक खानेपानी योजनाहरूमा पानी शुद्दिकरण कार्यक्रम समेत कार्यान्वयन गरिने छ । हालमा खानेपानी योजनाहरूमा खानेपानी परिक्षण गर्ने गरिएको छैन तथापि अवको लक्ष्य खानेपानी उपलब्धता मात्र नभइ गुणस्तरीय खानेपानीको उपलब्धता हुनेछ ।

## ५.२ सरसफाइ आयोजनाहरूको पहिचान

### ५.२.१ घरायसी शौचालय निर्माण तथा स्तरोन्नति

घरायसी शौचालयहरू निर्माण तथा स्तरोन्नतिका लागि अनुगमन समिति बनाएर नियमित अनुगमन गरी चर्पी नभएका घरहरूलाई निश्चित समय दिएर बनाउन लगाइने छ र चर्पी नबनाउने घरहरूलाइ सरसफाइ रणनीतिमा उल्लेख भए बमोजिम कार्वाहीको प्रक्रिया अगाडी बढाइने छ ।

**तालिका नं ५.२ नयाँ निर्माण तथा स्तरोन्नति गरिने शौचालयहरूको विवरण**

| क स | शौचालय नभएका घर | कच्चि चर्पी सुधार | जम्मा संख्या | अनुमानित लागत |
|---|---|---|---|---|
| १ | ४४ | ६६ | ११० | ३३०,००० |
| २ | २६ | १०४ | १३० | ३९०,००० |
| ३ | ० | १२५ | १२५ | ३७५,००० |
| ४ | ३७ | २१० | २४७ | ७४१,००० |
| ५ | ० | ४५८ | ४५८ | १,३७४,००० |
| ६ | १० | ४० | ५० | १५०,००० |
| | **११७** | **१००३** | **११२०** | **३,३६०,०००** |

### ५.२.२ संस्थागत शौचालय (विद्यालय, स्वास्थ्य संस्था, सार्वजनिक) निर्माण तथा स्तरोन्नति

सार्वजनिक तथा संस्थागत शौचालय निर्माण, संचालन तथा मर्मतका लागि सम्वन्धित संस्थाहरूलाई जिम्मेवार बनाइने छ ।

धेरै जसो स्थानमा शौचालयहरू भएको तर संचालनको अवस्था खराव रहेको तथा संरचनाहरू बाल मैत्रि, अपाङ्ग मैत्रि तथा महिला मैत्रि नभएको विध्यमान अवस्थामा मर्मत सम्भार तथा स्तरोन्नतिका अलावा सार्वजनिक शौचालयहरूको हकमा भने मर्मत सम्भारको ग्यारेन्टि पछि मात्र निर्माण गरिने छ ।

**तालिका नं ५.३ संस्थागत शौचालय निर्माण तथा मर्मत विवरण विवरण**

| क स | कृयाकलाप / योजना | वडा नं | संख्या | अनुमानित लागत |
|---|---|---|---|---|
| **क)** | **सार्वजनिक शौचालय** | | | |
| क. | नयां निर्माण | | | |
| | गोल्डन, गागनपानी, घोरडी, गैरा (२ वटा), बेल्चाप्लान, खडिना, मणिपुर (वडा कार्यालय नेर) | १ | ८ | १२,०००,००० |
| | मेलखोला, भट्टिखोला, बुडरबजार, खेलकुद मैदान, धारापानी, बाजिलेक | २ | ६ | ९,०००,००० |
| | राउतकट्टे २ वटा, चन्कटे बजार, सेगुनी सामुदायिक भवन, कोला गाउँ, गाडाखर्क सामुदायिक भवन, वर्म वाचनालय | ३ | ७ | १०,५००,००० |
| | हाट (खोला वारी), हाट (खोला पारी), सिलिगंबाग, छपन्ना, देउथला | ४ | ५ | ७,५००,००० |

| | | | | |
|---|---|---|---|---|
| | चौठी, जुमनखण्ड, ठांटी, मनोहर बजार, खतेडा, सिस्मडा, चौठा केदार, खध्दा, गैरालेक, डांडागाउँ, बडिगाड, नुकरीगाड, लेकालीडायमण्ड | ५ | १४ | २१,०००,००० |
| | गुनड केदार मन्दिर, भागेश्वर मन्दिर, बेरा बागमन्दिर, दह ग्वासि समैजी मन्दिर, कफल्तडी, ऐर, गुनड | ६ | ७ | १०,५००,००० |
| | | | | |
| **ख)** | **विद्यालय सरसफाइ (सामुदायीक)** | | | |
| | बिद्यालय शौचालय मर्मत | | | ६,४००,००० |
| | अपाङ्गमैत्री शौचालय सुविधा थप (६० वटा विद्यालय) | | | ६,०००,००० |
| | महिनावारी स्वच्छता सुविधा थप मावि र उच्च मा वि (४० वटा विद्यालयमा) | | | ४,०००,००० |
| **ग)** | **स्वास्थ्य संस्था सरसफाइ** | | | |
| | सम्पूर्ण सरकारी स्वास्थ्य संस्था शौचालय मर्मत (७ वटा) | | | ७००,००० |
| | अपाङ्गमैत्री शौचालय सुविधा थप (७वटा स्वास्थ्य संस्था) | | | ७००,००० |
| | महिनावारी स्वच्छता सुविधा (७वटा स्वास्थ्य संस्था) | | | ७००,००० |
| **घ)** | **सार्वजनिक संस्था सरसफाइ** | | | |
| | गाउँपालिका स्थित कार्यालयका सरसफाइ सुविधा स्तरोन्नति | | | १,०००,००० |

### ५.२.३ व्यवस्थित ठोस फोहोर व्यवस्थापन योजना

ठोस फोहोर व्यवस्थापनका सम्वन्धमा गाउँपालिकामा तत्कालका लागि केही प्रवर्धनात्मकका कार्यक्रमहरू मात्र प्रस्ताव गरिए पनि बुडर र रावतकट्टे जस्ता स्थानहरूमा ठोस फोहोर व्यवस्थापनको कार्यक्रम सन २०२५ पछि कार्यान्वयनमा ल्याउन प्रस्ताव गरिएको छ । हालको लागि समुदायबाट निस्कने फोहोरहरूलाई स्वयम समुदायले नै फोहोरको बर्गिकरण गरी कम्पोष्ट बनाउने, पुन प्रयोग गर्ने र घर घरमा फोहोर खाडल बनाइ व्यवस्थित गर्न प्रवर्धनात्मक कार्यक्रम गरिने छ ।

**तालिका नं ५.४ ठोस फोहोर व्यवस्थापन योजनाहरूको विवरण**

| क स | कृयाकलाप / योजना | टोल | अनुमानित लागत |
|---|---|---|---|
| १ | गाउँपालिकामा वातावरणिय सरसफाइ शाखा गठन | | लाभान्वित जनसंख्याको आधारमा लागत अनुमान गरी तल श्रोत व्यवस्थापन शिर्षकमा राखिएको छ |
| २ | घर घरमा बाल्टि वितरण | | |
| ३ | ट्रयाक्टर खरिद तथा संचालन | | |
| ४ | ल्याण्डफिल साइट तयारी | | |

### ५.२.४ व्यवस्थित ढल व्यवस्थापन योजना

जोरायल गाउँपालिकामा रावतकट्टे, सिलिङ्गेवाग र बुडर क्षेत्रहरूमा मात्र आगामी ५ बर्ष पछि ढल निकासको सुविधा निर्माण गर्ने प्रस्ताव गरिएको छ । अन्य समुदायहरूमा भने स्थानीय तवरमा नै घरबाट तथा शौचालयबाट निस्कने फोहोर पानीको व्यवस्थापन गरिने छ ।

**तालिका नं ५.५ ढल व्यवस्थापन योजनाहरूको विवरण**

| क स | कृयाकलाप / योजना | वडा नं | टोल | लाभान्वित घरधुरी | अनुमानित लागत |
|---|---|---|---|---|---|
| १ | व्यवस्थित ढल निमौण | १ | | २५७ | लाभान्वित जनसंख्याको आधारमा लागत अनुमान गरी तल श्रोत व्यवस्थापन शिर्षकमा राखिएको छ |
| २ | व्यवस्थित ढल निमौण | २ | | ३८१ | |
| ३ | व्यवस्थित ढल निमौण | ३ | | २६८ | |
| ४ | व्यवस्थित ढल निमौण | ४ | | ४५८ | |

### ५.२.५ महिनावारी स्वच्छता प्रवर्द्धन योजना

जोरायल गाउँपालिकामा महिनावारी स्वच्छताको समग्र अवस्था सन्तोषजनक छ । घर सर्वेक्षण र छलफलका क्रममा पाएको तथ्यका आधारमा धेरै जसो महिलाहरू पुर्नपयोग गर्न सकिने कपडाको प्रयोग गर्ने गरेका छन र युवतीहरूमा भने स्यानिटरी प्याडको प्रयोग गर्ने गरेको पाइएको छ तर प्रयोग गरी सके पछिको व्यवस्थापनको अवस्था भने सन्तोषजनक छैन । महिनावारी व्यवस्थापनका लागि पुर्नप्रयोग गरिने कपडाको स्वच्छतामा पनि सन्तोष हुन सक्ने अवस्था छैन । महिनावारीको वेलामा स्यानिटरी प्याड प्रयोग गर्नलाई भने प्रोत्साहन गर्नका लागि आमा समूहहरूमा वकालत गरिने छ ।

विद्यालयहरूमा भने संघिय सरकारको महिनावारी व्यवस्थापनका योजना भरखर शुरू भएको भए पनि ५८ मध्ये ८ विद्यालयमा महिनावारी व्यवस्थापनको लागी प्याड उपलब्ध भइरहेको र ६ वटा विद्यालयमा इन्सिनेटर रहेको अवस्था छ । बिद्यालयको शौचालयमा प्याडको लागि बाल्टिनको व्यवस्था रहेकोले सो अवस्था सन्तोषजनक मानि अन्य बांकी बिद्यालयहरूमा पनि महिनावारी व्यवस्थापनका योजनाहरू कार्यान्वयन गरिने छ ।

### ५.२.६ साबुनपानीले हात धुने अवस्था

जोरयल गाउँपालिकामा खाना खानु भन्दा अगाडि साबुन पानीले हात धुने घरपरिवारको संख्या करिब ८१.४६ प्रतिशत र चर्पी गए पछि साबुनपानीले हात धुने घरपरिवार ९६.७१ प्रतिशत रहेको छ । साबुनपानीले हात धुने घरपरिवारको अवस्था सन्तोषजनक रहेको भए पनि खाना खानु भन्दा अगाडि हात धुने परिवारको संख्या सत प्रतिशत गरिनु पर्ने देखिएको छ । यस कार्यका लागि विद्यालयहरूमा विद्यार्थीहरू द्वारा र समुदायहरूमा आमा समूहहरू द्वारा अभियानको रूपमा सन्चालन गरिने ५ ।

## ५.३ विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन योजना

### ५.३.१ विपद जोखिम व्यवस्थापन

यस गाउँपालिकामा विविध प्रकारका विपदहरू विद्यमान रहेका छन । बाढी, पहिरो, आगलागी, खडेरी, भुकम्प आदि विपदहरू बारम्वार दोहोरिइ राख्ने विपदहरू हुन । बाढी पहिरो भुकम्प जस्ता ठुला बाढीका बेलामा खानेपानी र सरसफाइको क्षेत्रमा ठुलो असर गर्ने गरेका र व्यवस्थित गर्न नसकेमा विपदले भन्दा पनि त्यस पछिको असरले ज्यान जोखिममा परेका प्रशस्त उदाहरणहरू छन । त्यसैले बिपदका बेलामा पर्न आउने समस्यालाई ध्यानमा राखि पुर्व तयारी सहितको विपद व्यवस्थापन योजना बनाई राख्नु अनिवार्य देखिएको छ । खानेपानी र सरसफाइ विपद व्यवस्थापन जोखिम न्युनिकरणका लागि उल्लेखित कायक्रर्महरू विभिन्न सरोकारवाला निकायहरूको समन्वयमा गाउँपालिकामा संचालन गरिने छ ।

- सार्वजनिक र संस्थागत शौचालयहरू पनि बाढि आउने अधिकतम सतह भन्दा माथि सम्म उठाएर निर्माण गर्ने
- गाउँपालिका तथा वडा स्तरीय समिति तथा उपसमितिहरूलाई आपतकालिन समयमा खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा गर्नु पर्ने पूर्व तयारी बिषयमा तालिम उपलब्ध गराइ समन्वय समितिहरूको क्षमता र सीप अभिवृद्धि गराइने छ ।
- विभिन्न क्लस्टरहरूसँग वास क्लस्टरको समन्वय गराउने ।

- विपद् सम्बन्धी तयार भएको रणनीतिक कार्य योजनालाई अद्यावधिक गर्ने ।
- गाउँपालिका स्तरबाट जोखिमको नक्सांकन गर्ने
- पियूष, वाटरगार्ड जस्ता क्लोरिनेसन गर्ने औषधिको भण्डारण मजबुत राख्ने ।
- तुरून्त तयार गर्न सकिने डिजाइनको चर्पी निर्माण गर्ने सामग्रीहरूको भण्डारण गर्ने ।
- पानीको गुणस्तर जाँच्ने विधि-औजार/उपकरणको व्यवस्था गर्ने ।
- सहजकर्ता/स्वयंसेवकहरू तलिम दिइ विपद्को अवस्थामा खानेपानी सरसफाइ तथा स्वच्छताका निमित्त परिचालन गर्ने ।
- मानवीय सहयोगको लागि क्षमता अभिवृद्धि गर्ने र भविष्यमा हुन सक्ने विपद्को लागि तालिम प्राप्त मानव संसाधन तैयारी अवस्थामामा राख्ने ।
- आपत्कालिन अवस्थाको लागि शीघ्र उद्धारका कार्य पद्धतिको विकास र अवलम्बन गर्ने ।
- आपतकालिन अवस्थाको लागि तय गरिएका खुला स्थानहरूको पहिचान र जानकारी सम्पूर्ण समुदायमा गराउने
- समुदायहरूलाई जोखिम प्रतिरोधि संरचनाहरू निर्माणमा सहजिकरण गने
- गाउँपालिकामा जगेडा कोष व्यवस्थापन गर्ने ।
- सूचना व्यवस्थापन ब्यवस्थित गर्ने ।
- विपद्को बेला साबुन पानीले हात धुने, सफा पानी, सुविधाको उचित मर्मत सम्भार र ठोस र तरल फोहोरमैला व्यवस्थापनमा ध्यान दिने ।

### ५.३.२ जलवायु परिवर्तन अनुकूलन

राष्ट्रिय तथा अन्तराष्ट्रिय अध्ययन अनुसन्धानले नेपाल विश्वमा नै जलवायु परिवर्तनको असरको उच्च जोखिममा रहेको मुलुक भएको सम्वन्धमा जलबायु परिवर्तनको न्यूनिकरणका ठोस कार्यक्रम सहित अनुकूलनका प्रयास गर्नु नै उपयुक्त विकल्प हुन्छ । जलवायु परिवर्तन अनुकुलनका लागि तपसिलका कार्यक्रमहरू सन्चालनका लागि प्रस्ताव गरिएको छ ।

- जलाधार क्षेत्रहरूको संरक्षण र प्रवर्धन गर्दै उच्च क्षेत्रहरूमा पानी पुनर्भरण पोखरीहरू निर्माण गर्ने
- बृक्षारोपण तथा बन संरक्षण गर्ने
- मानिसहरूलाई पानिको समुचित प्रयोगमा चेतना अभिवृद्धिका कार्यक्रम संचालन गर्ने
- परम्परागत मुलहरूको संरक्षण गर्ने
- खोला नालाहरू नियन्त्रणका लागि जैविक बाँधहरू निर्माण गर्न प्रश्रय दिने
- प्लास्टिक जन्य बस्तुको अधिक प्रयोगमा नियन्त्रण गर्ने

## ५.४ बैकल्पिक प्रविधि

